# राजन कार्कीका गीतमा सामाजिक पक्षको अध्ययन

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा
सामाजिक शास्त्र सङ्कायअन्तर्गत
स्नातकोत्तर तह, दोस्रो वर्ष
दसौं पत्र (५४०-६) को
प्रयोजनका लागि
प्रस्तुत

## अध्ययनपत्र

२०७६


**शोभा भण्डारी**
त्रि.वि. दर्ता नं. ६-२-२९७-४७-२००८
क्याम्पस रोल नं. : २/२०७०
परीक्षा रोल नं. ४८००८३
स्नातकोत्तर तह दोस्रो वर्ष

नेपाली विभाग
पृथ्वीनारायण क्याम्पस
पोखरा

# निर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्ष नेपाली विषयकी छात्रा **शोभा भण्डारी**ले यस तहको दसौँ पत्र (५४०-६) को परिपूर्तिका लागि **राजन कार्कीका गीतमा सामाजिक पक्षको अध्ययन** शीर्षकको अध्ययनपत्र मेरो निर्देशनमा तयार गर्नु भएको हो । यसको मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति

*वि.सं. २०७६/०८/२०*

*सन् ६/१२/२०१९*

.........................

शोध निर्देशक

सह-प्राध्यापक डा. पुण्यप्रसाद शर्मा

नेपाली विभाग

पृथ्वीनारायण क्याम्पस, पोखरा

# कृतज्ञता ज्ञापन

पृथ्वीनारायण क्याम्पस नेपाली विभाग अन्तर्गत स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्र (५४०-६) को परिपूर्तिका लागि मैले **राजन कार्कीका गीतमा सामाजिक पक्षको अध्ययन** शीर्षकको अध्ययनपत्र तयार पारेकी हुँ । सर्वप्रथम अध्ययनपत्रका लागि सत्निर्देशन, आवश्यक सुझाव, सल्लाह र रचनात्मक प्रतिक्रिया दिने अध्ययनपत्रका निर्देशक आदरणीय सह-प्राध्यापक डा. पुण्यप्रसाद शर्माप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । प्रस्तुत अध्ययनपत्र प्रस्ताव स्वीकृत गरी अध्ययन अनुसन्धानमा अगाध स्नेह र प्रेमका साथ राय, सुझाव, सल्लाह र निर्देशन प्रदान गर्नुभएकोमा नेपाली विभागका विभागीय प्रमुख गुरु सह-प्राध्यापक कृष्णप्रसाद पौडेलप्रति हार्दिक आभार व्यक्त गर्दछु । अध्ययनपत्रलाई पूर्णता दिन आवश्यक जानकारी र सामग्री उपलब्ध गराउने यस अध्ययनपत्रका शीर्ष व्यक्तित्व राजन कार्की, आवश्यक पुस्तक उपलब्ध गराइदिने पश्चिमाञ्चल क्षेत्रीय पुस्तकालय पृथ्वीनारायण क्याम्पस, त्यहाँ कार्यरत कर्मचारी, प्रत्यक्ष तथा प्रत्यक्ष सहयोग पुऱ्याउनु हुने सम्पूर्ण महानुभावप्रति धन्यवाद ज्ञापन गर्दछु ।

आफूमाथि आइपरेका विभिन्न समस्यालाई प्रवाह नगरी जीवनको प्रारम्भदेखि वर्तमानसम्म उच्च शिक्षाका लागि प्रेरणा प्रदान गर्दै मलाई यहाँसम्म ल्याई पुऱ्याउनु हुने मेरी ममतामयी आमा जयादेवी भण्डारी, बाबा ऋषिराम भण्डारीप्रति सदा कृतज्ञ छु । मेरा हरेक पाइलामा साथ दिने जीवनसाथी बासुदेव भट्टराई, दिदी अप्सरा भण्डारी, दाजु दयाराम भण्डारी, भाउजु अन्जना नेपाल, सासुआमा कैत्रा कुमारी भट्टराई, आत्मीय साथी कामना अधिकारी, शोध लेखनका सन्दर्भमा मन, वचन र कर्मले व्यवहारिक सुझाव, सल्लाह एवम् सहयोग पुऱ्याउने दाजु असफल गौतमलाई पनि यो समयमा सम्झन चाहन्छु ।

अध्ययनपत्र तयार गर्ने बेलामा आदरणीय गुरुवर्ग, सहृदयी मित्रहरू, घरपरिवार सबैबाट अमूल्य प्रेरणा र स्नेह प्राप्त गरेकी छु । मुद्रण तथा पृष्ठ व्यवस्थापनका लागि गण्डकी हाई-टेक प्रा.लि.की अनु बरालप्रति हार्दिक आभार व्यक्त गर्दै अध्ययनपत्रको यथोचित मूल्याङ्कनका लागि पृथ्वीनारायण क्याम्पस, नेपाली विभागसमक्ष प्रस्तुत गर्दछु ।

*वि.सं. २०७६/०८/१५*

*सन् १/१२/२०१९*

................

शोभा भण्डारी

# विषय सूची

*स्वीकृति पत्र*

*निर्देशकको सिफारिस*

*कृतज्ञता ज्ञापन*

*विषय सूची*

परिच्छेद : एक

**अध्ययनपत्र परिचय**

| | |
|---|---|
| १.१ विषय प्रवेश | १ |
| १.२ अध्ययनपत्रको शीर्षक | २ |
| १.३ अध्ययनको प्रयोजन | २ |
| १.४ समस्या कथन | २ |
| १.५ अध्ययनपत्रको उद्देश्य | ३ |
| १.६ पूर्वकार्यको विवरण | ३ |
| १.७ अध्ययनको औचित्य | ४ |
| १.८ अध्ययनको क्षेत्र र सीमा | ४ |
| १.९ अध्ययन विधि | ४ |
| १.१० परिच्छेद विभाजन | ५ |

परिच्छेद : दुई

**राजन कार्कीको सङ्क्षिप्त चिनारी**

| | |
|---|---|
| २.१ पारिवारिक पृष्ठभूमि | ६ |
| २.२ जन्म, बाल्यकाल र शिक्षा | ७ |
| २.३ दाम्पत्य जीवन | ७ |
| २.४ राजन कार्कीको व्यक्तित्व र स्वभाव | ७ |
| २.५ राजन कार्कीको गायनयात्रा | ८ |
| २.६ पेशा व्यवसाय | १० |

२.७ सम्मान तथा पुरस्कार १०

२.८ निष्कर्ष ११

परिच्छेद : तीन

**लोकगीतको परिचय**

३.१ लोकगीत १२

३.२ लोकगीतका तत्त्वहरू १३

३.३ लोकगीतका विशेषता १५

३.३.१ मौखिक परम्परा १५

३.३.२ सामूहिकता १५

३.३.३ सर्जक अज्ञात १६

३.३.४ यथार्थता १६

३.३.५ सरलता १६

३.३.६ मनोरञ्जनता १६

३.३.७ स्वतन्त्रता र स्वच्छन्दता १६

३.३.८ विषयगत विविधता १७

३.४ लोकगीतका प्रकार १७

३.४.१ संस्कार गीत १७

३.४.२ पर्व गीत १८

३.४.३ कर्म गीत १८

३.४.४ बाह्रमासे गीत १८

३.५ राजन कार्कीका गीतको सङ्कलन १८

३.६ निष्कर्ष २०

परिच्छेद : चार

**राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन**

४.१ राजन कार्कीका गीतको वर्गीकरण २२

४.१.१ बाह्रमासे गीत २२

४.१.२ पर्व गीत २३
४.१.३ संस्कार गीत २४
४.२ राजन कार्कीका गीतमा सामाजिक पक्ष २५
४.२.१ कसलाई दिनु दोष (२०६४) २५
४.२.२ के बिरा'को छु र ? (२०६५) २६
४.२.३ धानको बाला (२०६५) २६
४.२.४ आँसु नझार (२०६५) २७
४.२.५ जूनको शीतल छायाँ (२०६८) २८
४.२.६ केटीतिर ध्यान (२०७२) २८
४.२.७ डालीमा बसेको चरी (२०७३) २९
४.२.८ पुतली रेलैमा (२०७३) ३०
४.२.९ मेरी आमा आउँदिनन् फर्केर (२०७४) ३०
४.२.१० नरोइ नरोइ जानु (२०७४) ३१
४.२.११ बुद्ध खेल्ने आँगन मेरो (२०७४) ३२
४.२.१२ उज्यालो भएकै छैन (२०७४) ३२
४.२.१३ मायालुको डाँडैमा घर (२०७४) ३३
४.२.१४ खोलीमा माछी (२०७५) ३४
४.२.१५ पान खायो मायाले (२०७५) ३४
४.२.१६ आइन बैनी नभन दाजै (२०७५) ३५
४.२.१७ देउसी रे (२०७५) ३५
४.२.१८ रोदी गाउन आउनु है ? (२०७५) ३६
४.२.१९ टलक्कै टल्केको सारी (२०७५) ३६
४.२.२० वारी दरौं (२०७५) ३७
४.३ राजन कार्कीका गीतका विशेषता ३८
४.४ राजन कार्कीका गीतका सीमा र सामर्थ्य ४१
४.५ निष्कर्ष ४१

## परिच्छेद : पाँच

**उपसंहार**


| | |
|---|---|
| ५.१ सारांश | ४३ |
| ५.२ निष्कर्ष | ४४ |
| ५.३ सुझाव | ४६ |


परिशिष्ट खण्ड

**परिशिष्ट : १**


| | |
|---|---|
| राजन कार्कीले गाएका गीत | ४७-७५ |


**परिशिष्ट : २**


| | |
|---|---|
| राजन कार्कीसँगको अन्तर्वार्ता | ७६-७७ |
| सन्दर्भ सूची | ७८ |

परिच्छेद : एक
# परिचय

## १.१ विषय परिचय

नेपाली लोकसाहित्यका विविध विधामध्ये महत्त्वपूर्ण विधा लोकगीत हो । नेपाली लोकसाहित्य अन्तर्गत लोकगीत, लोककथा, लोकगाथा, लोककविता, लोकनाटक, उखान-टुक्का, गाउँखाने कथा टुक्का मन्त्र आदि पर्दछन् । (आचार्य, २०७१ : ३२) । लोकसाहित्यका विभिन्न विधामध्ये लोकप्रिय र महत्त्वपूर्ण विधाका रूपमा लोकगीतलाई लिने गरिएको छ । लोकले मौखिक रूपमा जीवित राखेको लोक हृदयको स्वतस्फूर्त लयात्मक अनि गेय अवैयक्तिक अभिव्यक्ति लोकगीत हो (न्यौपाने, २०७० : ३) । जुन गीतले जनसाधारणको बोलीचाली र भावना अनुकूल जनजीवनमा भोगे, गरेका, आर्जेका, हाँसो-आँसु, पीर-मर्का सौन्दर्य-शृङ्गार भावलाई सुरिलो भाकामा प्रस्तुत गर्दछ, त्यो गीत नै लोकगीत अन्तर्गत आउँछ । जुन गीतले जुन समाजमा लोकव्यवहार, मनोरञ्जन, मनोभावना आदान-प्रदानका क्रममा स्वाभाविक स्वच्छन्दताका साथै सरल पाराले गायन प्रस्तुत हुन्छ, त्यो नै लोकगीत अन्तर्गत पर्दछ । लोकका मानिसका सम्पूर्ण भावना व्यक्त गर्ने क्षमता लोकगीतमा हुने भएकाले लोकगीत लोक परम्परामा जीवित रहेको हुन्छ । नेपाली लोकगीतको महत्त्वपूर्ण पक्ष भनेको लय वा भाका हो । लोकगीत हजारौं वर्ष पुरानो भए तापनि हिमाल जस्तै स्वच्छ सुन्दर अटल हुन्छ, जुन कहिल्यै हराएर जाँदैन ।

लोकगीतमा लोकजीवनका कुनै न कुनै विषयवस्तु समावेश भएका हुन्छन् । लोकगीतमा हाँसो-आँसु, पीर-मर्का, विरह-वेदना अन्याय-अत्याचार दमन-मनोरञ्जन, घामपानी, सुखदुःख, आशा-निराशा प्रेम-विछोड जस्ता विभिन्न भावनाका साथै लोक परम्परामा प्रचलित रीतिरिवाज, चालचलन, संस्कृति, धर्म, आस्था, मान्यता र अन्धविश्वास चित्रण गरिएको पाइन्छ । रागात्मक प्रेम प्रसङ्ग, विरह, व्यथा, वियोग, चिन्ता, पारिवारिक असन्तुलन, अभाव, पीडा, कुण्ठा आदिको मनस्थितिबाट प्रायः लोकगीत भावात्मक हुन्छ । मानव हृदयको प्रेम, करुणा, आशा, निराशा, हर्ष, पीडा, सुख-दुःख आदि लोकगीतमा अभिव्यक्त हुनाले लोकगीतलाई मानिसले आफ्नै सिर्जना ठान्दछन् ।

लोकगीत र गायन क्षेत्र विकासमा कैयौं सर्जकले आफ्नो जीवन समर्पण गरिरहेको यथार्थता हामी सबैलाई थाहा छ । नेपाली लोकजीवनका यथार्थ पक्षलाई उस्तै शैलीमा

टपक्क टिपेर लयात्मक तरिकाले पस्कने प्रतिभावान् व्यक्तित्व धेरै छन् । त्यस्ता व्यक्तित्वको नाम स्मरण गर्नुपर्दा हरिदेवी कोइराला, प्रजापति पराजुली, पुरुषोत्तम न्यौपाने, कृष्ण देवकोटा, तारापति सुवेदी, पार्वती जि.सी, चोलेन्द्र पौडेल, जीवन दाहाल, रामजी पौडेल, राजन कार्की, सरस्वती लामिछाने, ज्योति लोहनी, माया गुरुङलगायत देखा पर्दछन् ।

लोकगीत र गायनका क्षेत्रमा सक्रिय यिनै व्यक्तित्वमध्येका राजन कार्कीले आफ्नो गायनका माध्यमबाट नेपाली जनजीवनका हरेक पाटा र पक्षलाई अभिव्यक्त गर्दै आइरहेको पाइन्छ । नेपाली जनजीवनमा घाँस-दाउरा, मेलापात गर्दा गाइने झ्याउरे गीत, संस्कार, चाडपर्व आदिमा गाइने पर्व गीत, युवायुवतीबीच हुने प्रेम प्रसङ्ग, वैदेशिक रोजगारीका लागि विदेशिएका नेपाली युवाका अन्तर मनका कथाव्यथा पोखिएका गीत, नारी जीवनमा व्याप्त आशा, निराशा, कुण्ठा, पीडा र आकाङ्क्षाको प्रतिबिम्ब देखिने गीतहरू गाएर राजन कार्कीले आफ्नो गीति यात्रालाई अगाडि बढाई रहेका छन् । यही सन्दर्भलाई समेटेर प्रस्तुत अध्ययनमा राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन गरिएको छ ।

## १.२ अध्ययनपत्रको शीर्षक

प्रस्तुत अध्ययनपत्रको शीर्षक **राजन कार्कीका गीतमा सामाजिक पक्षको अध्ययन** रहेको छ ।

## १.३ अध्ययनको प्रयोजन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत स्नातकोत्तर तह नेपाली विषयको द्वितीय वर्षको दसौं पत्र (५४०-६) प्रयोजनका लागि प्रस्तुत अध्ययनपत्र तयार गरिएको छ ।

## १.४ समस्या कथन

नेपाली लोकगीतका क्षेत्रमा देखा परेका गायक राजन कार्कीका गीतमा आधारित प्रस्तुत अध्ययनपत्र निम्न समस्यामा केन्द्रित रहेको छ ।

क) राजन कार्कीको व्यक्तित्व के कस्तो छ ?

ख) राजन कार्कीका गीतको अध्ययन के-कसरी गर्न सकिन्छ ?

ग) राजन कार्कीका गीतमा के-कस्ता सामाजिक पक्ष पाइन्छन् ?

## १.५ अध्ययनपत्रको उद्देश्य

प्रस्तुत अध्ययनपत्रको मुख्य उद्देश्य लोकगीत र गायनका क्षेत्रमा सक्रिय राजन कार्कीको व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी उनको योगदानको चर्चा गर्नु रहेको छ । अध्ययनपत्रको उद्देश्यलाई निम्नलिखित बुँदाका आधारमा पूर्णता दिइएको छ :

क) राजन कार्कीको व्यक्तित्व चिनारी दिनु

ख) राजन कार्कीका गीतको सङ्कलन दिनु,

ग) राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन गर्नु ।

## १.६ पूर्वकार्यको विवरण

हाम्रो नेपाली समाजमा व्याप्त जनजीवनका ऐतिहासिक, राजनीतिक, धार्मिक, सामाजिक जस्ता यावत् पक्षको नालीवेली अभिव्यक्त हुने आफ्नै मौलिकता बोकेका गीत र भाकाको भण्डार रहेको छ । त्यस्ता गीत र भाकाको अध्ययन गर्ने कार्य पनि प्रशस्त भएका छन् । यद्यपि त्यस्ता साधकको जीवनी, व्यक्तित्व र कृतित्वबारे अध्ययन गरी प्रकाशमा ल्याउने कार्य भने अपेक्षाकृत् भएको देखिँदैन । यसै कारणले गर्दा कार्कीका बारेमा केही पाठकीय टिप्पणी मात्र भेटिन्छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- सुन्दर श्रेष्ठले २०६१ वैशाख १५ मा गायिका हरिदेवी कोइरालाका बारेमा **हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन** शीर्षकमा अध्ययनपत्र तयार पारेको देखिन्छ तर, उक्त अध्ययनपत्रमा कार्कीको गायनबारे कहीँ, कतै चर्चा हुन सकेको छैन ।
- दुर्गाबहादुर गोदार थापाद्वारा २०७० पुस २५ मा **चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन** शीर्षकमा अध्ययनपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनपत्रमा पनि गायक कार्कीका बारेमा चर्चा भएको पाइँदैन ।
- मीना पहारीले २०७३ चैत्र १४ मा **कृष्ण सुवेदीका गीतको सङ्कलन र अध्ययन** शीर्षकमा अध्ययनपत्र तयार गरिएको पाइन्छ । उक्त अध्ययनपत्रमा पनि गायक कार्कीका बारे कुनै सन्दर्भ उल्लेख छैन ।
- काठमाडौंबाट प्रकाशित हुने **नागरिक** दैनिकको २०७४ साउन १२ गते विहीबारको अङ्कमा गायक राजन कार्कीको लोकगीत र सङ्गीत यात्रा सन्दर्भमा पत्रिकाका संवाददाता सन्तोष सुवेदीले केही टिप्पणी लेखेका छन् । तर उनको त्यो टिप्पणीले कार्कीको गायन यात्रालाई पूर्ण समीक्षा गर्न सकेको छैन ।

- काठमाडौंबाट प्रसारण हुने हिमालयन टेलिभिजनको २०७५ चैत्र १५ गते शुक्रबारको **घरआँगन** कार्यक्रममा राजन कार्कीको लोकगीत र सङ्गीतका बारेमा अनुभवसहितको अन्तर्वार्ता एलिना केसीले लिएकी छन् । त्यस्ता सामान्य अन्तर्वार्ता र कुराकानी विभिन्न पत्रपत्रिकामा बेला बखत छापिने र प्रसारण हुने भए तापनि गायक कार्की र उनले गाएका गीतको अध्ययन हुन सकेको छैन ।

यी केही प्रयास बाहेक लोकगीत सङ्गीतलाई आफ्नो जीवनको अभिन्न अङ्ग बनाएर समर्पित राजन कार्कीका बारेमा कुनै क्षेत्रबाट हालसम्म अध्ययन गरिएको भेटिदैन । यहीँ यथार्थतालाई मध्यनजर गर्दै गायनका माध्यमबाट नेपाली डाँडाकाँडा, कुनाकन्दरा र पहराका सुसेलीलाई लयात्मक प्रस्तुतिद्वारा जनमानस समक्ष पस्कन सफल गायक राजन कार्कीको जीवनी व्यक्तित्व र कृतित्वबारे अध्ययन हुनुपर्छ भन्ने मान्यतामा प्रस्तुत अध्ययनपत्र तयार पारिएको छ ।

## १.७ अध्ययनको औचित्य

नेपाली लोकगीत र गायनको क्षेत्रमा देखा परेका विभिन्न प्रतिभामध्ये राजन कार्की एक परिचित नाम हो । कार्कीले गीतका माध्यमबाट नेपाली जनजीवनका कथाव्यथा, वेदना, सुखदुःख, चालचलन, ग्रामीण तथा सहरिया परिवेशका संवेदनालाई अभिव्यक्त गरी नेपाली लोकगीत पारखीलाई मनोरञ्जन प्रदान गर्दै आइरहेका छन् ।

हालसम्म गायक कार्कीको व्यक्तित्व र कृतित्वका बारेमा कुनै क्षेत्रबाट अध्ययन कार्य हुन सकेको छैन । गायक कार्कीले गाएका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन गर्नु यस अध्ययनपत्रको औचित्य रहेको छ ।

## १.८ अध्ययनको क्षेत्र र सीमा

राजन कार्की लोकगीत सङ्कलक र गायक दुवै क्षेत्रमा क्रियाशील छन् । यस अध्ययनपत्रमा राजन कार्कीद्वारा सङ्कलन गरिएका सबै लोकगीतहरूको अध्ययन नगरी राजन कार्की आफैले र अरुले सङ्कलन गरेका उनले गाएका २० वटा गीतको मात्र अध्ययन गरिएको छ ।

## १.९ अध्ययन विधि

प्रस्तुत अध्ययनमा राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन गरिएको छ । गायक स्वयम्सँग र उनीसँग सम्बन्धित व्यक्तिसँग मौखिक अन्तर्वार्ता तथा छलफलका माध्यमबाट प्राप्त सामग्री वा जानकारीका आधारमा अध्ययन कार्य सम्पन्न गरिएको छ । सामग्री सङ्कलनका लागि पुस्तकालय विधिको प्रयोग गरिएको छ भने अध्ययनका क्रममा व्याख्यात्मक विधि अपनाइएको छ ।

## १.१० परिच्छेद विभाजन

प्रस्तुत अध्ययनपत्र तयार पार्दा अध्ययनपत्रलाई व्यवस्थित गर्न निम्नानुसारको ढाँचामा परिच्छेद र विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | परिचय |
| परिच्छेद दुई | : | राजन कार्कीको सङ्क्षिप्त चिनारी |
| परिच्छेद तीन | : | लोकगीतको परिचय |
| परिच्छेद चार | : | राजन कार्कीका गीतको सङ्कलन र अध्ययन |
| परिच्छेद पाँच | : | निष्कर्ष |
| | | परिशिष्ट |
| | | सन्दर्भ सूची |

परिच्छेद : दुई

# राजन कार्कीको सङ्क्षिप्त चिनारी

राजन कार्कीको जन्म स्याङ्जा जिल्लाको आँधीखोला गाउँपालिकामा भएको हो । उनी बाल्यकालदेखि नै नेपाली गीतसङ्गीतलाई आफ्नो जीवनको अभिन्न अंग बनाउँदै आएका छन् । यस परिच्छेदमा गायनका क्षेत्रमा क्रियाशील गायन राजन कार्कीको व्यक्तित्व, पारिवारिक पृष्ठभूमि, जन्म, बाल्यकाल, शिक्षा, दाम्पत्य जीवन, रुचि, स्वभावलगायतका पक्षलाई प्रस्तुत गरिएको छ ।

## २.१ पारिवारिक पृष्ठभूमि

स्याङ्जा जिल्ला, आँधीखोला गाउँपालिका-३, विचारीचौतारामा राजन कार्कीको पुर्ख्यौली बसोबास रहेको छ । राजन कार्कीका पुर्खा उक्त गाउँपालिकामा कहाँबाट स्थानान्तरण भई बसोबास गर्न आइपुगेका हुन् र कुन समयदेखि उक्त स्थानमा बसोबास गर्दै आएका छन् भन्ने विषयमा कुनै तथ्य वा अनुमान नभएकाले उनका पुर्खाको वास्तविक उद्‌गम र थातथलोको ऐतिहासिक तथ्यबारे केही बताउन सकिने अवस्था छैन तापनि पाकिस्तानको नदी किनार सिन्धुघाँटी सहरबाट जुम्लाको सिंजावेशी र पर्वतको कार्कीनेटा हुँदै स्याङ्जा रानीस्वाँरालगायत देशका विभिन्न ठाउँमा बसोबास रहँदै आएको देखिन्छ । अतः गायक राजन कार्कीको पुर्ख्यौली थलो नै स्याङ्जा रहेको देखिन्छ ।

टेकबहादुर कार्कीका सातभाइ छोरामध्येका जेठा छोरा पदमबहादुर कार्की तथा टेककुमारी कार्कीका कान्छा छोराका रूपमा गायक राजन कार्कीको जन्म २०४४ मंसिर १६ गतेका दिन भएको हो । कार्कीका एक दाजु र एक दिदीमध्ये दाजु प्रकाश कार्की स्याङ्जा राष्ट्रिय माध्यमिक विद्यालय विचारीचौतारामा स्थायी शिक्षकका रूपमा कार्य गर्दै आएका छन् । दिदी सिर्जना कार्की विवाह भई हाल सुखमय दाम्पत्य जीवन बिताएकी छन् ।

राजन कार्कीका पुर्ख्यौली दाजुभाइ तथा सन्तान पनि स्याङ्जा जिल्ला आँधीखोला गाउँपालिका, पोखराको बाघमारा, रत्नचोक, स्याङ्जाको टक्सार, रामेछाप, दोलखा लगायत अन्य ठाउँमा बसोबास गर्दै आइरहेका छन् । मुख्यतः गायक कार्कीको पारिवारिक स्वरूपलाई निम्नानुसार देखाउन सकिन्छ :

टेकबहादुर कार्की

↓

पदमबहादुर कार्की

↓

प्रकाश कार्की — राजन कार्की + सोफिया कार्की

अग्रता कार्की (छोरी)

## २.२ जन्म, बाल्यकाल र शिक्षा

स्याङ्जा जिल्लाको आँधीखोला गाउँपालिका-३ विचारीचौतारामा बसोबास गर्ने पदमबहादुर कार्की र टेककुमारीका दुई छोरामध्येका कान्छा सन्तान हुन् राजन कार्की । उनको जन्म २०४४ मंसिर १६ गतेका दिन भएको हो । ग्रामीण भेगमा सामान्य रूपमा बाल्यकाल बिताएका कार्कीले स्थानीय राष्ट्रिय मा.वि. विचारीचौतारा आँधीखोला-३ बाट औपचारिक शिक्षा थालनी गरेका हुन् । उक्त विद्यालयमा उनले १० कक्षासम्म अध्ययन गरे । २०५९ सालमा सोही विद्यालयबाट द्वितीय श्रेणीमा एस.एल.सी. परीक्षा उत्तीर्ण गरेपछि थप अध्ययनका लागि उनी २०६० सालमा बाग्लुङ्को महेन्द्र बहुमुखी क्याम्पसमा प्रमाणपत्र तह पहिलो वर्ष र दोस्रो वर्षका लागि पोखराको पृथ्वीनारायण क्याम्पसमा स्थानान्तरण भए । सोही क्याम्पसबाट आफूले २०७५ सालमा स्नातकोत्तर तह पूरा गरेको कार्की बताउँछन् ।

## २.३ दाम्पत्य जीवन

राजन कार्कीले हाल घर गृहस्थीको जीवन बिताइरहेका छन् । उनले बाग्लुङ बलेवा निवासी पृथबहादुर क्षत्री र माता देवकुमारी पौडेलकी छोरी सोफिया पौडेलसँग २०७१ मंसिर १० गतेका दिन परम्परागत विवाह गरेका छन् । हाल उनको बसोबास एक श्रीमती र एक छोरीसहित तीन जनाको परिवारमा रहँदै आएको छ । उनकी छोरी अग्रता कार्की चार वर्षकी रहेकी छन् । उनी नवपालुवा मन्टेसरी स्कूल पोखरा नदीपुरमा नर्सरीमा अध्ययनरत छन् ।

## २.४ राजन कार्कीको व्यक्तित्व र स्वभाव

राजन कार्कीको व्यक्तित्व गायनकै क्षेत्रमा केन्द्रित रहे तापनि उनी गायक मात्र नभएर शब्द सङ्कलक पनि हुन् । उनले सङ्कलन गरेका शब्दमा धेरैले स्वर भरेका छन् ।

उनको स्वरमा रहेका गीतको सङ्कलन प्रायः उनकै रहेको छ । यसका साथसाथै, उनका गीतमा विष्णु माझी, पार्वती जिसी, लक्ष्मी बराल, प्रमोद खरेल, लक्ष्मी न्यौपाने, सम्झना भण्डारीलगायतका कलाकारले पनि स्वर दिएका छन् । कार्कीले सङ्कलन गरेका गीतमा एकातर्फ मौलिकता, स्वदेश प्रेम, जन्मभूमिको माया, यहाँका रीतिरिवाज, संस्कार र संस्कृति झल्केका छन् । अर्कातर्फ दोहोरी, रत्यौली, झ्याउरे जस्ता गीतले हराउन लागेका नेपालीपन बोकेका जनजनका, मनमनका सन्दर्भलाई बाहिर ल्याउन सफल भएका छन् । यसैले उनी कुशल शब्द सङ्कलक पनि हुन् ।

सानैदेखि लोकगीत सङ्गीतमा रुचि राख्ने कार्की मिलनसार स्वभावका छन् । सबैसँग घुलमिल हुन सक्ने व्यक्तित्वका धनी कार्कीको रुचि गायन क्षेत्रमै देखिन्छ । उनी आफ्नो गायन क्षेत्रमा प्रेरणाको श्रोतका रूपमा विष्णु खत्रीलाई मान्छन् ।

## २.५ राजन कार्कीको गायनयात्रा

बाल्यकालदेखि गीतसङ्गीतको क्षेत्रमा क्रियाशील कार्की विद्यालय स्तरीय कार्यक्रममा सहभागी हुँदै आफ्नो गायन यात्रालाई अगाडि बढाएका गायक हुन् । उनी स्रोत केन्द्रस्तरीय गायन प्रतियोगितामा भाग लिएर २०५९ सालमा प्रथम हुन सफल भएका थिए । यस्तै २०६३ सालमा पृथ्वीनारायण क्याम्पसमा भएको दोहोरीगीत प्रतियोगितामा उनको टिमले दोस्रो स्थान प्राप्त गर्न सफल भएको थियो । यसरी उनको गायनयात्राले विविध अविस्मरणीय क्षणलाई समेटदै अगाडि बढेको पाइन्छ ।

अनौपचारिक रूपमा विभिन्न समय र सन्दर्भमा गायन यात्रालाई अगाडि बढाए तापनि उनले औपचारिक रूपमा २०६४ सालबाट गायन यात्रा थालनी गरेका हुन् । उनको **कसलाई दिनु दोष** पहिलो रेकर्ड भएको गीत हो । त्यसपछि उनले **आँसु नझारे, धानको बाला झुल्ने बेला भो** लगायतका गीत रेकर्ड गराउँदै गए । उनको गीत लेखन र गायनमा विष्णु माझी, लक्ष्मी न्यौपाने, मञ्जु गुरुङ, सीता केसी, कृष्ण परियार, लक्ष्मी बराल, सम्झना लामिछाने, मुना थापा, अमृता नेपाली, सुनिता नेपाली, मेलिना राई, सम्झना भण्डारी लगायतका गायिकाले स्वर दिएका छन् । उनीहरूकै साथ र सहयोगबाट उनको गायनयात्रा निरन्तर अगाडि बढिरहेको देखिन्छ । हालसम्म निरन्तर गायन यात्रामा क्रियाशील उनका झण्डै पाँच दर्जन गीतमा स्वर र सङ्कलन रहेको उनको दाबी छ । उनका हालसम्म रेकर्ड भएका गीतलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

| क.सं. | गीत | प्रकाशक | वर्ष |
|---|---|---|---|
| १ | कसलाई दिनु दोष | धवलागिरि क्यासेट सेन्टर | २०६४ |
| २ | करुवाको जल | बाराही सङ्गीत | २०६५ |
| ३ | आँसु नझार | नमस्ते डिजिटल, पोखरा | २०६५ |
| ४ | धानको बाला झुल्ने बेला भो | धवलागिरि क्यासेट सेन्टर | २०६५ |
| ५ | सुखदुःख साटन पाइएन | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०६६ |
| ६ | रोदी गाउन आउनु है | राजन कार्की युट्युब च्यानल | २०७५ |
| ७ | टलक्कै टल्कियो सारी | राजन कार्की युट्युब च्यानल | २०७५ |
| ८ | मेरी आमा आउदिन फर्केर | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०७४ |
| ९ | पुतली रेलमै | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०७४ |
| १० | उज्यालो भएकै छैन भाग-२ | राजन कार्की युट्युब च्यानल | २०७४ |
| ११ | बुद्ध खेल्ने मेरो आँगन | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०७४ |
| १२ | जूनको शीतल छायाँ | डिजिटल स्टार्स, पोखरा | २०६८ |
| १३ | केटीतिरै ध्यान | प्राप्ति म्यूजिक, काठमाडौं | |
| १४ | सोचे झैँ भए त भाग्यमानी हो | श्रोतासङ्गीत प्रा.लि. | २०७१ |
| १५ | सिरीसिरी बतासैले हो | सञ्जु थापा युट्युब च्यानल | २०७४ |
| १६ | डालीमा बसेको चरी | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०७३ |
| १७ | वारी दरौं (सालैजो) | | २०७३ |
| १८ | मायाले माया लुकायो | सम्झना डिजीटल प्रा.लि. | २०७३ |
| १९ | कहिले पुग्ला धन (पञ्चेबाजा) | हमाल म्यूजिक प्रा.लि, काठमाडौं | |
| २० | आइन बहिनी नभन दाजै | आशीष म्यूजिक, काठमाडौं | २०७५ |
| २१ | नरोइनरोइ जानु | डिजिटल स्टार्स, पोखरा | |
| २२ | मायालुको डाँडैमा घर | रक्षा म्यूजिक प्रा.लि., काठमाडौं | २०७४ |
| २३ | छोरो पायो बुहारी धनी | राजन कार्की युट्युब च्यानल | २०७५ |
| २४ | पान खायो मायाले | गोर्खाचौतारी म्यूजिक, काठमाडौं | २०७५ |
| २५ | खोलीमा खेलेको माछी | राजन कार्की युट्युब च्यानल | |

## २.६ पेशा व्यवसाय

प्रत्येक मानवले लागि जीवनयापनको जोहो गर्नु पहिलो आवश्यकता हो । त्यसका लागि विभिन्न पेशा व्यवसाय अपनाउनु पर्ने हुन्छ । यसै सन्दर्भमा गायक राजन कार्कीले आफ्नो जीविकोपार्जनका लागि पास्कल एकेडेमीमा शिक्षण गर्दै आएका छन् । उनी उक्त विद्यालयमा विगत चार वर्षदेखि कुशल शिक्षक बनी विद्यार्थीहरूको उज्ज्वल भविष्य निर्माणमा क्रियाशील देखिएका छन् ।

## २.७ सम्मान तथा पुरस्कार

राजन कार्कीले आफ्नो गायनको यात्रामा विभिन्न सम्मान तथा पुरस्कार प्राप्त गरेका छन् । उनलाई विभिन्न संघसंस्थाले सम्मान गर्ने क्रम निरन्तर जारी रहेको छ । गायनकै क्रममा उनी कतार, वहरायन, जापान लगायतका देशमा पुगेका छन् । त्यहाँ रहेका नेपाली दाजुभाइ दिदीबहिनीले देखाएको माया र सम्मान पनि अतुलनीय रहेको छ । यस्तै, उनलाई सम्मानित तथा पुरस्कृत गर्ने संघसंस्थाको विवरणलाई निम्न तालिकामा देखाउन सकिन्छ :

| क्र.सं. | संस्था | वर्ष |
|---|---|---|
| १ | रेष्टुरेण्ट एण्ड बार एशोसिएसन, नेपाल | २०६३ |
| २ | रेडियो अन्नपूर्ण ९३.४ पोखरा | २०६५ |
| ३ | धवलागिरि एफ.एम्, बाग्लुङ | २०६५ |
| ४ | पोखरा उद्योग वाणिज्य संघ | २०६८ |
| ५ | रेडियो भोटेओडार ९०.८ मेगाहर्ज, लमजुङ | २०७१ |
| ६ | भूल आमा समूह भोटेओडार, लमजुङ | २०७१ |
| ७ | स्याङ्जा सहयोग समाज विचारी चौतारा कतार | २०७१ |
| ८ | नेशनल फ्लक क्लब एण्ड डियुर्ट अवार्ड | २०७३, २०७४ |
| ९ | स्याङ्जा सहयोग समाज अन्तर्राष्ट्रिय समन्वय समिति | २०७४ |
| १० | रेसुङ्गा टेलिभिजन प्रा.लि. गुल्मी | २०७४ |
| ११ | सामुदायिक रेडियो दिदीबहिनी, पर्वत | २०७४ |
| १२ | पृथ्वी लोकदोहारी अवार्ड | २०७४ |
| १३ | नेपाल म्यूजिक अवार्ड | २०७५ |
| १४ | राष्ट्रिय लोक तथा दोहोरीगीत प्रतिष्ठान, नेपाल | २०७५ |

## २.८ निष्कर्ष

स्याङ्जाको मध्यमवर्गीय परिवारमा जन्मेका राजन कार्की सुमधुर स्वरका धनी स्रष्टा हुन् । उनी आफ्नै प्रतिभा र साधनाका कारण नेपाली गीतसङ्गीतका क्षेत्रमा पृथक् पहिचान बनाउन सफल भएका छन् । विभिन्न शैली र भावका गीत सङ्कलन गर्न सिपालु कार्की कुशल शब्द, लय सङ्कलक पनि हुन् ।

प्रारम्भमा गाउँघर, मेलापात, विद्यालयमा गीत गाउँदै, कार्यक्रममा भाग लिँदै हिँडने उनको रुचि कालान्तरमा व्यावसायिक स्वरूपमा परिवर्तन भएको छ । उनी गायनकै माध्यमबाट सरल र सहज तरिकाले जीवनयापन गरिरहेका छन् । ग्रामीण लोकजीवनका यथार्थलाई टिपेर आफ्नै शब्द र शैलीमा खिप्न सिपालु कार्कीका स्वरमा प्राकृतिक मिठास पाइन्छ । सरल, मिलनसार, मृदुभाषी व्यक्तित्व गायक राजन कार्की गीत सङ्गीतका क्षेत्रमा निरन्तर क्रियाशील स्रष्टा हुन् ।

उनका गीतमा युवायुवती बीचको प्रेम, युवाहरू विदेश जानु पर्दाका बाध्यता र पीडाको सन्दर्भ मात्रै फेला पर्दैन । महिलाहरूको महान् पर्व तीज आएपछि राम्रो कपडा लगाउने कल्पना गरेका चेलीको यथार्थ उनका गीतमा अभिव्यक्त भएका छन् । चाडपर्व आउँदै गर्दा परदेश गएका परिवार आउलान् भनेर तस्वीर हेर्दै चित्त बुझाउन विवश दिदीबहिनीका कथा पनि उनका गीतमा अटाएका छन् । घरमा बस्नेका पीडा मात्रै होइन, उता परदेशमा रहेका परदेशीले व्यहोर्नु परेका दुःख, कष्ट र पीडा पनि उनका गीतमा समेटिएका छन् । यसरी गायक कार्की नेपाली जनजीवनका सुखदुःख, आशा, निराशा, भाग्य र नियतिका सन्दर्भलाई जस्ताको तस्तै पस्कन सफल गायक हुन् ।

परिच्छेद : तीन

# लोकगीतको परिचय

## ३.१ लोकगीत

लोकको चिन्तनमय अनुभव र अनुभूति प्रवाहमय शैलीमा प्राचीन कालदेखि अभिव्यक्ति हुँदै मौखिक परम्परामा हुर्किएको लोकजीवनको सुखदुःख आचार विचार आदिको शिक्षा र मनोरञ्जनात्मक अभिव्यक्ति नै लोकसाहित्य हो । त्यस्तै लोक साहित्यका विभिन्न विधामध्ये एक विधा लोकगीत हो । लोकगीत शब्द लोक र गीत शब्दले मिलन भई निर्मित भएको हो । लोकगीत हाम्रो गाउँ जनजीवनको गेयात्मक रूप हो । यसले हाम्रो ग्रामीण जीवनको पीर व्यथा सुख, दुःख माया-प्रेम, मिलन विछोड तथा सम्पूर्ण लोकजीवनको भाव गीतका रूपमा प्रस्तुत गरेको हुन्छ । पहिला वनपाखामा घाँस दाउरा मेलापात र उकाली ओराली गर्दा आफ्नो मनको भाव व्यक्त गर्नका निम्ति लोकगीतको सहारा लिइन्थ्यो । समयको परिवर्तनसँगै त्यही वनपाखा मेलापातमा गाइने लोकगीत आज शब्दमा सङ्कलित भई एल्बमको रूप लिइरहेका छन् । लोकगीतलाई ग्राम पनि भनिन्छ लोकगीत भनेको लोकजीवनको रागात्मक स्वत स्फुर्त लयात्मक अभिव्यक्ति हो । यसमा लोकजीवनका दुःख-सुख, आँसु-हाँसो, आशा-निराशाका साथै लोकका चालचलन, विधि व्यवहार, आस्था र मान्यताहरूको चित्रण हुन्छ (बन्धु, २०५८ : ११५) । लोकगीत भावुक हृदयको स्पन्दशील लयदार कवितामय सामयिक ध्वनि हो जीवनको कटुता र खल्लोपनामा मनोहरताको मलम लगाउने स्वत प्रमुख झन्कार हो (लोहनी, २०२२ : १) ।

लोकले मौखिक रूपमा जीवित राखेको लोक हृदयको स्वतस्फूर्त लयात्मक अनि गेय अभिव्यक्ति लोकगीत हो (न्यौपाने, २०७० : ३) ।  यस्ता गीत चिन्तन मननका परिणाम होइनन् । लोक मानिसका अभिव्यक्ति हुन् । जसले लयात्मक रूप लिई भाषामा प्रकट हुँदा लोकगीतको स्वरूप धारण गर्दछन् । त्यसैले लोकगीत मानव मनको लयात्मक अभिव्यक्ति हो । लोकजीवनमा मानव मनका सुखदुःख, आँसु, हाँसो, आशा, निराशा, युवायुवतीका प्रेमप्रसङ्ग र ख्यालठट्टाको अभिव्यक्ति नै लोकगीतका मुख्य विषयवस्तु हुन् (बन्धु, २०५८ : ११५) ।

प्राचीन कालदेखि लोकजीवनको सुखदुःख अभिव्यक्ति नै लोकसाहित्य हो । लोकसाहित्य अनुश्रुति परम्परामा विकास भएको हुन्छ । सम्पूर्ण जनजीवनमा भोगे गरेका, लोकबाट आर्जेका र प्रचलनमा आएका लोकको निम्ति लोकको सुखदुःखलाई लिएर भावनामा मौलाएको वा फुरेको साहित्य नै लोकसाहित्य हो । जसमा लोकगीत, लोककविता, लोककाव्य, लोकगाथा, लोककथा, लोकनाटक, उखान र टुक्काहरू पर्दछन् । यिनलाई लोक साहित्यका विधा भनिन्छ । लोकगीत लोक साहित्यको एक प्रमुख विधा हो । लोकले मौखिक रूपमा जीवित राखेको लोकहृदयको स्वतस्फुर्त लयात्मक अनि गेयात्मक अवैयक्तिक अभिव्यक्ति लोकगीत हो (न्यौपाने, २०७० : ३) । लोकगीतमा लोकजीवनका सुख-दुःख आँसु-हाँसो आशा-निराशाका साथै प्रेम-विछोड आस्था, मान्यता, रीतिरिवाज, चालचलन, धर्म संस्कृति र अन्धविश्वास आदिको चित्रण गरिएको पाइन्छ ।

लोकगीत लयात्मक र गेयात्मक हुन्छ । यो मौखिक परम्परा र श्रुतिपरम्परामा हुर्किंदै आएको विधा हो । लोकगीत अन्तर्गत दोहोरी गीत, एकल गीत, भ्याउरे गीत, संगीनि, रत्यौली, पञ्चेबाजा जस्ता विभिन्न फुटकर गीत पर्दछन् । समग्रमा भन्नुपर्दा लोकले आफ्ना मनमा उब्जाएका र सुखदुःखका कुरालाई मौखिक रूपमा लयात्मक र गेयात्मक अभिव्यक्ति लोकगीत हो ।

## ३.२ लोकगीतका तत्त्वहरू

लोकगीत लोकसाहित्यको सर्वाधिक लोकप्रिय विधा हो । लोकगीतको अभिप्राय लोकमा प्रचलित लोकनिर्मित गीतिसाहित्य भन्ने हुन्छ । लोकगीत समाजमा श्रुतिपरम्पराबाट विकास भएको हुनाले लोकगीत कहिले कसले रचना गरेका हुन् भन्ने विषयमा जानकारी हुँदैन । विभिन्न विडम्बनाहरूले लोकगीतका तत्त्वहरूको विभिन्न किसिमले व्याख्या गरे तापनि सबैलाई मान्य हुने तरिकाले निम्न आधारमा तत्त्व निर्धारण गर्न सकिन्छ :

**संरचना :** लोकगीतको आफ्नै बनावटगत संरचना हुन्छ । लोकगीत भन्ने सुन्ने परम्परामा हुर्किनु पर्ने भएकाले यसको संरचना पक्षलाई विशेष महत्त्व दिइएको पाइन्छ । कसरी बढीभन्दा बढी सहज श्रुतिमधुर बनाउने भन्ने विषयमा यसको संरचना निर्माण गर्दा नै ध्यान दिइएको पाइन्छ । लोकगीतमा विशेष दुई बाह्य र आन्तरिक संरचना रहेका छन् ।

बाह्य संरचनामा यसको रूपगत, वर्ग शब्द वाक्य गठनलाई ध्यान दिइन्छ  भने आन्तरिक संरचनामा केन्द्रीय कथ्य वा भावको संयोजनलाई ध्यान दिइन्छ ।

**भाव :** भाव लोकगीतको केन्द्रीय तत्त्व हो कुनै घटना, परिवेश वा अन्तरक्रियाद्वारा भाव सिर्जना हुने गर्दछ । भावद्वारा नै लोकगीत भन्ने प्रमाणित हुन्छ । रति शान्त आदि भावका विभिन्न प्रकार हुन्छ । लोकगीत कुन रसमा निर्धारित छ त्यसै अनुसार भाव प्रकट हुन्छ ।

**लय :** लय कुनै पनि सङ्गीतात्मक गायनको आधार हो । लयले भावलाई गहिराइबाट महसुस गर्न मद्दत पुग्दछ । लयले लोकगीतलाई मिठास बनाउनुका साथै सुन्न लायक बनाउने काम गर्दछ । लोकगीतमा द्रुत वा विलम्बितमध्ये कुनै पनि रूपमा प्रयोग गरिन सक्छ ।

**सङ्गीत :** सङ्गीतले लोकगीतलाई मधुर तरङग दिने वा झङ्कृत पार्ने काम गर्दछ । यसलाई गेयाता वा भाका पनि भन्ने गरिन्छ । सङ्गीतकै कारण लोकगीत राम्रो बन्दछ । लोकजीवनको सन्दर्भलाई टपक्क टिपेर सङ्गीतका माध्यमबाट लोकगीत प्रस्तुत हुँदा मानवीय मनमा उथल पुथल हुन्छ । यो नै सङ्गीतको शक्ति हो ।

**भाषा :** लोकगीत बन्नका लागि आवश्यक पर्ने तत्त्वमध्ये भाषा पनि एक हो । लोकगीतको भाषा सरल, सहज र सम्प्रेष्य हुन्छ । लोकगीतको भाषा लोकजीवनको प्रतिबिम्ब उतार्ने खालका हुन्छन् । भाषाकै माध्यमले शिक्षा, मनोरञ्जन प्रदान गरिने हुँदा लोकगीतमा यसको महत्त्व रहन्छ । यसमा झर्रा, सङ्ला, मौलिक शब्द हुनाका साथै अनुकरणात्मक निपात, थेगो, असचेत रूपमै लक्षणा, व्यञ्जना, अन्त्यानुप्रास र रूपक उपमा प्रयोग हुनाले यो ज्यादै स्वादिलो हुन्छ ।

**कथन पद्धति :** लोकगीतमा कथनपद्धतिको पनि आवश्यक पर्दछ । कथन पद्धतिलाई शैली, रीति, ढाँचा पनि भनिन्छ । लोकगीतको कथनपद्धति एकोहोरो र पट्यार लाग्दो हुँदैन । लोकगीत कथनपद्धति एकोहोरो वा दोहोरो हुन्छन् । एकोहोरो कथन पद्धति भएको लोकगीतलाई एकल लोकगीत भनिन्छ भने दोहोरो कथन पद्धति भएको लोकगीतलाई दोहोरी

लोकगीत भनिन्छ । यो संवादात्मक हुन्छ । कथन पद्धतिकै क्रममा एकल जोडी वा सामूहिक रूपले समेत् यो प्रस्तुत गरिन्छ ।

### ३.३ लोकगीतका विशेषता

लोकगीतका विशेषता यिनै न हुन् भनेर प्याक्कै भन्न सकिने अवस्था छैन किनभने पहिला गाइने लोकगीत एक प्रकारका थिए भने अहिले अर्को प्रकारका लोकगीत चलन चल्तीमा आएका छन् । त्यसैले लोकगीतका अध्येताहरूले प्रस्तुत गरेका लोकगीतका विशेषताहरू भिन्न प्रकारका देखापरेका हुन् । समग्रमा भन्नुपर्दा लोकगीतका आफ्नै निजी विशेषताहरू छन् । तिनीहरूलाई निम्न अनुसार प्रस्तुत गरिएको छ ।

**३.३.१ मौखिक परम्परा :** लोकगीत मौखिक परम्परामा हुर्किएको हुनाले यसको अस्तित्व मौखिक परम्परामा नै जीवन्त हुन्छ । लोकगीतका गायकले आफ्ना मनका कुरा लयमा बाँधेर समाजमा प्रस्तुत गरेपछि त्यो अर्को व्यक्तिले सुनेर मौखिक रूपमै प्रस्तुत गर्दछ । आफूले गीत गाएर समाजलाई समर्पित गरेपछि गाउने व्यक्तिले आफ्नो गीत हो भनेर जिकिर गर्न सक्दैन । लोकका गलागलामा बसी एक ठाउँबाट अर्को ठाउँमा पुग्दै त्यहाँको स्थानीयता ग्रहण गर्दै त्यो गीत त्यहीको हुन्छ । समाज र स्थानअनुसार मौखिक रूपमा परिवर्तन हुँदै त्यो गीत प्रवाहित हुन्छ । लोकबाट जन्मिएर लोककण्ठबाट प्रवाहित हुँदै फैलिने लोकगीत श्रुतिपरम्परामा आधारित रहन्छ । त्यसैले मौखिक परम्परा लोकगीतको एउटा प्रमुख विशेषता हो ।

**३.३.२ सामूहिकता :** लोकगीतमा व्यक्ति विशेषको नाम अज्ञात नै रहने र समूह तथा समुदायले नै सामूहिक रूपमा हुर्काउने भएकाले यसमा व्यक्तिको निजत्व रहँदैन । जुन रचयिताले लोकसाहित्यको रचना गरे पनि त्यो तुरुन्तै समूहको साझा सम्पत्ति बन्दछ । यसको रचना कुनै एक व्यक्तिबाट मात्र नभई धेरै व्यक्ति र समूहबाट भएको हुन्छ । लोकगीतमा प्रयोग हुने भाषा पनि व्यक्तिको नभई समूहको हुन्छ । यसरी लोकगीतमा प्रयुक्त भाषा, संस्कृति र सभ्यताले पनि व्यक्तिको पहिचान नदिई समूह पहिचान दिन्छ । त्यसैले सामूहिकता लोकगीतको एउटा विशेषता हो ।

**३.३.३ सर्जक अज्ञात :** लोकगीतको सर्जक भनेको लोकगीतको गायक हो । लोकस्तरमा लोकगायकले लोकगीत सिर्जना गरी उसले आफ्ना मनका सुखदुःखका भावलाई लयमा बाँधेर व्यक्त गर्दछ अनि त्यसलाई लोकसामु सुम्पेर अगाडि बढ्छ । लोकगीत गाउने प्रतिभाले गाएको त्यो लोकगीत ठाउँ, जाति र समय आदिका आधारमा फेरि अर्को लोकगायकको कण्ठबाट घट्छ बढ्छ, सुध्रन्छ, सप्रन्छ र परिवर्तन हुँदै समाजमा फैलिदै जान्छ । यसैले खास लोकगीत कसले कहिले कहाँ सिर्जना गरेको हो भन्ने थाहा हुँदैन ।

**३.३.४ यथार्थता :** लोकगीत सामाजिक धरातलबाट नै जन्मिएको हुर्किएको हुनाले यसमा सामाजिक यथार्थता रहेको हुन्छ । तिनै समाजमा रहेका मानिसहरूको हाँसो, रोदन, सुखदुःख, उन्नति अवन्नति, न्याय-अन्याय, धर्म-कर्म सबै यथार्थलाई लोकभाकामा कसेर नै गायकले लोकगीतका माध्यमबाट व्यक्त गर्दछ । त्यस अभिव्यक्तिमा लोकसमाजका सभ्यता, संस्कृति, परम्परा, इतिहास, प्रकृति आदिको स्वाभाविक र यथार्थ चित्रण हुन्छ ।

**३.३.५ सरलता :** लोकगीतमा प्रयोगमा हुने शब्द लोकव्यवहारमा प्रचलित सरल खालका हुन्छन् । अझ लोकगीतमा लोकमा प्रचलित सरल र कोमल भाषाको प्रयोग हुन्छ । लोकगीतमा भाषाको शब्द प्रयोग र वाक्य प्रयोगका तहमा सरलता हुन्छ र त्यसले गर्दा यसमा अभिव्यक्ति अर्थ वा भाव सरल एवम् सम्प्रेष्य हुन्छ । यसमा काव्यशास्त्रीय बन्धन नरहने र लोकाभिव्यक्तिको उन्मुक्तजन्य सरलता लोकगीतको एउटा विशेषता हो ।

**३.३.६ मनोरञ्जनता :** लोकजीवन खासगरी अनेक सुखदुःखले झेलिएको हुन्छ । लामो समयसम्मको परिश्रमबाट थकाइ मेट्न र मेटाउन लोकगीतले सहयोग गर्छ । यसका साथै, पारिवारिक समस्याबाट उत्पन्न दिग्दारीपनलाई हटाउनका लागि पनि विशेषगरी गाउँ घरमा कुनै चाडपर्वमा सामेल भएर विभिन्न लोकगीतबाट मनोरञ्जन लिने गरिन्छ । त्यसकारण लोकगीतका विभिन्न विशेषतामध्ये लोकलाई आनन्द दिनु तथा मनोरञ्जन गराउनु पनि प्रमुख विशेषता हो ।

**३.३.७ स्वतन्त्रता र स्वच्छन्दता :** लोकगीत यहाँबाट यसरी गाउने भन्ने हुँदैन । लोकगीत जहाँ जसरी पनि गाउन सकिन्छ । हुन त कतिपय लोकगीत निश्चित अवसरमा गाइन्छन् ।

तर तिनको गायनमा निश्चित बन्धन हुँदैन । प्रायः सबै लोकगीत स्वतन्त्र हुन्छन् । यसैले खुला स्वतन्त्र वा उन्मुक्त मनका भावनाको स्वच्छन्द वा स्वस्फुर्त अभिव्यक्ति लोकगीतको विशेषता हो ।

**३.३.८ विषयगत विविधता :** लोकगीतमा कुनै न कुनै विषय समावेश भएको हुन्छ । हुन त लोकगीतको विषयवस्तु प्रायः मानव जीवनमा अभाव, वेदना आदिलाई बनाइएको हुन्छ । तर यसमा जीवनको उल्लास, अध्यात्म, आक्रोश आदिलाई पनि उत्तिकै स्थान दिइएको हुन्छ । वास्तवमा लोकगीतमा मानवका सभ्यता, संस्कृति, जीवनदर्शन, मनोभावनालाई स्थान दिएको हुन्छ । मानव जीवनका हर्ष, विस्मात, सफलता, विफलता, सुखदुःख आदिको अभिव्यक्ति लोकगीतमा हुन्छ । यसैले विषयगत र भावगत विविधता हुनु लोकगीतको विशेषता हो ।

## ३.४ लोकगीतका प्रकार

मानव मन भित्रको भावना पोख्ने माध्यम नै लोकगीत हो । लोकसाहित्यका अन्वेषक धर्मराज थापा र हंसपुरे सुवेदीले नेपाली लोकगीतलाई सात भागमा वर्गीकरण गरी व्याख्या समेत् गरेका छन् । (थापा र सुवेदी, २०४१ : ९४) । त्यस्तै अर्का अन्वेषक चूडामणि बन्धुले सहभागिताका आधारमा एकल, दोहोरी र संयुक्त वा समूह गीत भनेका छन् । यस्तै, लय वा भाकाका आधारमा द्रुत लय, मध्यम लय र विलम्बित लय भनेर विभाजन गरेका छन् । यसैगरी, प्रकार्यका आधारमा धार्मिक गीत, अनुष्ठानमूलक तथा संस्कार गीत, ऋतु तथा पर्वगीत र श्रमगीत भनेर विभाजन गरेका छन् (बन्धु, २०५८ : १२१) । यसरी यी सन्दर्भलाई हेर्दा लोकगीत संस्कार गीत, पर्वगीत, कर्मगीत र बाह्रमासे गीत गरेर अध्ययन गर्नु उपयुक्त देखिन्छ ।

### ३.४.१ संस्कार गीत

कुनै पनि संस्कारिक कार्य गर्दा गाइने गीतलाई संस्कार गीत भनिन्छ । हिन्दू संस्कार अनुसार जन्मदेखि मृत्युपर्यन्त अनेक संस्कार भइरहन्छन् । त्यस्ता संस्कारमा गाइने गीत नै संस्कार गीत हुन् । नेपालमा गाइने संस्कार गीतमा सगुन, मागल, फाग, रत्यौली पर्दछन् ।

### ३.४.२ पर्व गीत

नेपालमा अनेक चाडपर्व मनाइन्छन् । विशेषतः यिनै चाडपर्वमा गाइने गीतलाई पर्व गीत भनिन्छ । जस्तः तीजगीत, मालश्री, दशैं, भैलो, देउसी, होरी जस्ता गीत पर्व गीत हुन् । प्रत्येक पर्वले आ-आफ्ना किसिमका मौलिक र सांस्कृतिक विशेषता बोकेका हुन्छन् ।

### ३.४.३ कर्म गीत

विभिन्न कामका सिलसिलामा गाइने गीतलाई कर्म गीत भनिन्छ । काम गर्दा पट्यार नलागोस् भनेर नै कर्म गीत गाउने गरिन्छ । यस गीत अन्तर्गत जेठे, असारे, दाँइ, साउने गीत पर्दछन् ।

### ३.४.४ बाह्रमासे गीत

कुनै पनि व्यक्तिले आफूले चाहेका बेला अथवा जुनसुकै समयमा पनि गाउन सक्ने गीतलाई बाह्रमासे गीत भनिन्छ । जुन गीत अन्तर्गत एकल, दोहोरी, सालैजोलगायत रहेका हुन्छन् ।

नेपाली लोकजीवनका यस्तै विविध अनुभूति र यथार्थता बोकेका गीतलाई मार्मिक शैलीमा जस्ताको तस्तै टिपेर गाउने राजन कार्कीले विविध प्रकारका गीत गाएका छन् । उनले आफ्ना गीतका माध्यमबाट मानव जीवनका सुखदुःखका पाटालाई सरल भाषामा छताछुल्ल पारेका छन् । अतः उनका गीतको अध्ययन र विश्लेषण हुनु भनेको लोकजीवनप्रति सम्मान व्यक्त गर्नु हो । यसैले राजन कार्कीले गाएका गीतहरू के कस्ता रहेका छन् । उनका गीतमा समेटिएका विषयवस्तु र भाव के कस्ता छन् ? उनका गीतमा के कस्ता विशेषता पाइन्छन् भन्ने मुख्य अभिप्रायबाट यस परिच्छेदमा उनका गीतको वर्गीकरण र विश्लेषण गरिएको छ ।

## ३.५ राजन कार्कीका गीतको सङ्कलन

प्रस्तुत राजन कार्कीका गीतमा सामाजिक पक्षको अध्ययन विषयक यस अध्ययनमा सामाजिक पक्षलाई समेटिएका गीतलाई छनौट गरिएको छ । यसरी छनौट गर्ने सन्दर्भमा २०६४ सालदेखि २०७५ सालसम्मका २० ओटा गीतलाई नमूनाका रूपमा छनौट गरी अध्ययन गरिएको छ । जुन गीतलाई निम्नानुसारको तालिकामा प्रस्तुत गर्न सकिन्छ :

| क्र.सं. | शीर्षक | वर्ष | उत्पादक | कैफियत |
|---|---|---|---|---|
| १ | कसलाई दिनु दोष | २०६४ | धौलागिरि क्यासेट | स्वरः राजन कार्की, लक्ष्मी न्यौपाने लय : राजन कार्की, शब्द : विष्णु खत्री |
| २ | के बिरा'को छु र ? | २०६५ | रक्षा म्युजिक | स्वर : राजन कार्की, देवी घर्ती शब्द : प्रेमसागर पौड्याल, लय : राजन कार्की |
| ३ | धानको बाला | २०६५ | रक्षा म्यूजिक | स्वरः राजन कार्की, मञ्जु गुरुङ शब्दः प्रेमसागर पौडेल, लय : राजन कार्की |
| ४ | आँसु नझार | २०६५ | म्यूजिक नेपाल | स्वरः राजन कार्की, विष्णु माझी शब्द : प्रेमसागर पौडयाल, लयः राजन कार्की |
| ५ | जुनको शीतल छायाँ | २०६८ | डिजिटल स्टार | स्वर : राजन कार्की, कृष्ण परियार शब्द : राजन कार्की लय : रमेश विजी |
| ६ | केटीतिर ध्यान | २०७२ | प्राप्ति म्यूजिक | स्वरः राजन कार्की, निशा पोखरेल शब्दः किसन बस्याल, लय : राजन कार्की |
| ७ | डाली बसेको चरी | २०७३ | रक्षा म्यूजिक | स्वरः राजन कार्की, लक्ष्मी बराल शब्द, लयः राजन कार्की |
| ८ | पुतली रेलैमा | २०७३ | रक्षा म्यूजिक | स्वरः राजन कार्की, घनश्याम रिजाल, सीता केसी, शब्द : घनश्याम रिजाल, लय राजन कार्की |
| ९ | मेरी आमा आउदिनन् फर्केर | २०७४ | रक्षा म्यूजिक | स्वरः राजन कार्की शब्द लय |
| १० | नरोइ-नरोइ जानु | २०७४ | आचार्य डिजिटल | स्वरः राजन कार्की,अमृता नेपाली शब्द : समुन्द्र क्षत्री, लयः राजन कार्की |
| ११ | बुद्ध खेल्ने आँगन मेरो | २०७४ | रक्षा म्यूजिक | स्वरः राजन कार्की, शब्दः विष्णु पौडेल निरिस, लय : राजन कार्की |
| १२ | उजेलो भएको छैन (पुतली रेलैमा-२) | २०७४ | रक्षा म्यूजिक | स्वरः राजन कार्की, पार्वती जिसी, सन्तोष अधिकारी शब्दः घनश्याम रिजाल, लय : राजन कार्की |
| १३ | खोलीमा माछी | २०७५ | राजन कार्की यूटयूब | स्वरः राजन कार्की, लक्ष्मी नेपाली र पूर्णकला बी.सीशब्द/लयः राजन कार्की |
| १४ | पान खायो मायाले | २०७५ | गोर्खा चौतारी म्यूजिक | स्वरः राजन कार्की, मेलिना राई, शब्द : शर्मिला तामाङ्ग |
| १५ | आइन बैनी नभन दाजै | २०७५ | आशिष म्यूजिक | स्वरः राजन कार्की, लक्ष्मी बराल, शब्द : राजेन्द्र ढकाल, लय : घनश्याम तिवारी |
| १६ | देउसी रे | २०७५ | म्यूजिक नेपाल | स्वरः राजन कार्की, दीपक वि.क, सोहन तामाङ्ग, शब्द : राजन कार्की, दीपक वि.क., लय : राजन कार्की |
| १७ | रोदी गाउन आउनु है | २०७५ | राजन कार्की युट्युब च्यानल | स्वर : राजन कार्की विष्णु माझी, शब्द : पदमराज सिग्देल, विष्णु सिग्देल, लय : वसन्त थापा |
| १८ | टलक्कै टल्केको सारी | २०७५ | मालश्री रेकर्डिङ | स्वरः राजन कार्की, माया गुरुङ, शब्दः राजन कार्की, लय : घनश्याम रिजाल |
| १९ | वारी दरौं | २०७५ | सीता केसी युटुब | स्वरः राजन कार्की, सीता केसी, शब्द लयः दिनेश गुरुङ |
| २० | मायालुको डाँडैमा घर | २०७६ | रक्षा म्यूजिक | स्वर : राजन कार्की, सुनिता नेपाली शब्द : प्रेमसागर पौड्याल, लय : राजन कार्की |

## ३.६ निष्कर्ष

गायक राजन कार्कीले थुप्रै गीतहरू गायका र केही सङ्कलन गरेका छन् । उनले वि.सं. २०६४ सालमा कसलाई दिनुहोस् एल्बमको कसलाई दिनुहोस् बोलको गीत गाएर आफ्नो गायन यात्रा प्रारम्भ गरेका थिए । त्यसपछि उनले धेरै गीतहरू गाएर चर्चा पाएका छन् र केही गीतहरू आउने क्रममा पनि छन् । उनले गाएका गीतमा विषयवस्तु विशेषगरी गाउँले समाज तथा सहरिया समाजका ठुला युवतीका माया प्रेम मिलन विछोड सम्बन्धी नै रहेका छन् । कुनै गीतमा युवा-युवतीहरूको माया प्रेमलाई सहज रूपमा स्वीकार गर्न नसक्ने समाज भएको देखाइएको छ भने कुनै गीतमा सामाजिक अन्ध विश्वासलाई पनि विश्वासलाई देखाइएको छ । यसरी मिलन विछोड हुनुमा व्यक्तिगतका साथै पारिवारिक र सामाजिक कारणहरू नै देखाइएका छन् ।

यसैगरी कार्कीले तीजे भाकामा नारी वेदनाका गीतहरू गाएका छन् । तीजे भाकाका गीतमा उनले हुने खाने र नहुनेको बीचको चार्ड कस्तो हुन्छ र समाजमा देखाउनका लागि पनि गर्नुपर्छ भन्ने मान्यता बोकेको समाजलाई मुख्य विषयका रूपमा उतारेका छन् । कार्कीले रत्यौली भाकामा र सालैजो भाकामा पनि गीत गाएका छन् । उनले हिन्दूहरूको महान् चाड पर्वका अवसरमा गरिने क्रियाकलाप र गरीब मानिसमाथि हुने आर्थिक समस्यालाई केलाउँदै उनीहरूको पीडा र व्यथालाई मुख्य विषयवस्तु बनाएर गीत गाएका छन् । कार्की एक सिर्जनशील स्रष्टा हुन् । उनले स्वर दिएका र सङ्कलन गरेका अन्य गीतका एल्बमहरू प्रकाशन हुने क्रममा रहेका छन् ।

# परिच्छेद चार

# राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययन

नेपाल विभिन्न जातजाति, भाषाभाषी, परम्परा र संस्कृति भएको देश हो । यही कारणले गर्दा यहाँका लोकगीतमा पनि त्यही समाजको वास्तविक सन्दर्भलाई उल्लेख गरिएको पाइन्छ । पछिल्लाले समय रोजगारीका लागि युवाहरू लाहुरे हुने, कामको खोजीमा विदेश जाने क्रममा उनीहरूले त्यहाँ भोग्नु परेका सन्दर्भलाई लोकगीतका माध्यमबाट प्रस्तुत गर्ने सन्दर्भ दिन प्रतिदिन बढ्दो छ । एकातर्फ परदेश गएकाको पीडा, अर्कोतर्फ घरमा बस्नेको वियोगको पीडा, छोराछोरीलाई बाबुको प्यार, श्रीमतीलाई श्रीमान्‌को याद र झझल्को जस्ता सन्दर्भ पछिल्लो समय गीतमा अभिव्यक्त हुँदै आएका छन् ।

यो मात्रै होइन, नेपाल कृषिप्रधान देश भएकाले धेरै मानिस कृषिमा निर्भर छन् । उनीहरू खेतीपाती, मेला, अर्मपर्ममै दिन बिताउँदै रहेका हुन्छन् । यस्तै समाजमा व्याप्त रहेको पुरातनवादी सोँच र रुढिवादी संस्कारका कारण विभेद, मायाप्रेममा बाधा व्यवधान खडा हुने सन्दर्भ, बेइमानी र बदमासीका कारण प्रेममा पीडित हुनुपरेका सन्दर्भ पनि नेपाली लोकगीतमा व्यक्त भएका देखिन्छन् ।

समयको कालक्रम अनुसार चल्न नसक्दा पछुताउनु परेका सन्दर्भ, गरीबी, शिक्षा र राजनीतिक चेतनाका कारण नेपाली समाजको वास्तविक चित्र यही समाजमा बसेका सचेत नागरिकले टुलुटुलु हेरिरहेका हुन्छन् । यिनै सन्दर्भलाई कविले कविता बनाउछन्, गीतकारले गीत र गायकले स्वर दिन्छन् । यही सन्दर्भमा गायक राजन कार्कीले यही समाजका वास्तविक विषयवस्तुलाई टपक्क टिपेर गीतका माध्यमबाट प्रस्तुत गर्न सफल भएका छन् ।

नेपाली माटोमा हुर्केर यहीँको बाटोमा तातेताते गर्दै अगाडि बढेका गायक कार्कीले यिनै समाजका विविध विषयवस्तुलाई लिएर गीत बनाएका छन् । गीतमा सामाजिक मूल्य, मान्यता, संस्कार संस्कृति, रहनसहन, चालचलन, रीतिरिवाजसहित सिङ्गो समाजको चित्रण आफ्ना गीतमा गरेकाले प्रस्तुत अध्ययन राजन कार्कीका गीतमा अभिव्यक्त सामाजिक पक्षमा केन्द्रित रहेको छ ।

## ४.१ राजन कार्कीका गीतको वर्गीकरण

नेपाली लोकगीतलाई गायन शैलीका दृष्टिले र विषयवस्तुका आधारमा वर्गीकरण गरिएको पाइन्छ । यसरी वर्गीकरण गर्ने सन्दर्भमा नेपाली लोकगीतलाई बाह्रमासे, श्रम, पर्व र संस्कार गीत गरी वर्गीकरण गर्ने गरेको पाइन्छ । बाह्रै महिना जुनसुकै समयमा गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । पर्व विशेषमा गाइने गीतलाई पर्व गीत भनिन्छ । यस्तै मान्छेको रीति र संस्कार अनुसार गाइने गीतलाई संस्कार गीत भनिन्छ । विभिन्न कामको सिलसिलामा गाइने गीतलाई कर्म गीत भनिन्छ । यी लोकगीतका विभिन्न प्रकारमध्ये गायक राजन कार्कीले श्रमगीत नगाए तापनि अन्य विभिन्न प्रकृतिका गीत गाएका छन् । यसै आधारमा कार्कीका गीतलाई निम्नानुसार वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ :

- बाह्रमासे गीत
- पर्व गीत
- संस्कार गीत ।

### ४.१.१ बाह्रमासे गीत

लोकजीवनसँग सम्बन्धित अथवा मानव जीवनका सम्पूर्ण आरोह-अवरोहलाई समेटेर गाइने गीतलाई लोकगीत भनिन्छ । अझ विशेष गरी लोक अर्थात् गाउँले जीवनको यथार्थ झल्काउने गीत लोकगीत हो । यस्ता लोकगीत विभिन्न प्रकारका हुन्छन् । तीमध्ये एक बाह्रमासे गीत पनि हो । कुनै पनि व्यक्तिले आफूले चाहेको बेला अथवा जुनसुकै समयमा पनि गाउन सकिने गीतलाई बाह्रमासे गीत भनिन्छ । यसैगरी बाह्रमासे गीतमा लोकदोहोरी गीत, एकल गीत र सालैजो गीत पर्दछन् । एकल गीत भन्नाले व्यक्तिका मनमा भएका सुखदुःख, मायाप्रेम तथा विभिन्न चेतनामूलक विषयवस्तु भौगोलिक विषयवस्तुलाई एउटै व्यक्तिले सवालजवाफ नगरी एकै स्वरमा गाउने गीतलाई एकल गीत भनिन्छ ।

लोकदोहोरी गीत समूहमा गाउने गीत हुन् । दोहोरी संवादको रूपमा गाइने हुनाले दोहोरी भनिएको एक थरीको भनाइ रहेको छ भने दोहोऱ्याएर गाइने हुनाले दोहोरी गीत नाम रहेको भन्ने अर्काथरिको भनाइ पाइन्छ (बन्धु, २०५८ : १४०) । प्रश्नोत्तर र दोहोरो संवादका रूपमा गाउने अन्य गीतहरू पनि हुन्छन् तर सबैलाई दोहोरी गीत भनिदैन ।

प्रश्नउत्तर दुवै एउटै लय र शैलीमा प्रस्तुत हुने दोहोरी गीत सिलसिलाबद्ध रूपमा कविको रचनामा जस्तै मर्मस्पर्शी र कल्पनाशील अभिव्यक्ति हुन्छ ।

दोहोरी गीतमा युवायुवती बीचको प्रेम प्रसङ्ग निकालेर प्रश्नोत्तर गर्दा, आफ्नो परिचय दिँदा, आ-आफ्ना अपेक्षा र आकाङ्क्षा व्यक्त गर्दा, ख्यालठट्टा गर्दा, वरपर समाज र वातावरणलाई सन्दर्भका रूपमा प्रयोग गरिन्छ भने छन्द र लय मिलाउने क्रममा केही अप्रासङ्गिक कुरा ल्याई प्रासङ्गिक करा भन्ने लोकगीत को शैली दोहोरीमा भेटिन्छ (बन्धु, २०५८ : १४०) । बाह्रमासे गीत अन्तर्गत पर्ने अर्को गीत सालैजो पनि हो । सालैजो गीतमा माया प्रेमका भाव तथा विभिन्न ठाउँ विशेषको वर्णन गरेको पाइन्छ । विशेष गरी सालैजो गीत पहिला-पहिला गुरुङ, मगर समुदायमा रोदी बस्दा गाउने गीत हो । अहिले सबै समुदायका गायकगायिकाले यस प्रकारका गीत गाउँछन् ।

सालैजो थेगो प्रयोग गर्दै गाइने यस गीतको सालैजो शब्द साली र ज्यू शबदको मेलबाट निर्मित भएको हो (न्यौपाने, २०७० : ४०) । यसरी बाह्रमासे गीतलाई हेर्दा राजन कार्कीले गाएका गीतहरूमा **कसलाई दिनु दोष, आँसु नझार, छोराले बाऊ भुल्ने बेला भो, मेरीआमा आउदिनन् फर्केर, बुटु खेल्ने आँगन, मेरो केटीतिर ध्यान, नरोई-नरोई जानु, पान खायो मायाले** जस्ता शीर्षकका गीत दोहोरी गीत तथा सामूहिक गीतहरू यस अन्तर्गत पर्ने गीत हुन् । राजन कार्की प्रायः गीतहरू युवायुवतीका बीच हुने मायाप्रेम, मिलन विछोड तथा त्यसबाट उत्पन्न हुने परिणामलाई मुख्य विषयवस्तु बनाएर प्रस्तुत गरेको पाइन्छ । केही गीतमा माया प्रेमका साथै सामाजिक चालचलनलाई पनि मुख्य विषयवस्तु बनाइएको छ ।

### ४.१.२ पर्व गीत

नेपाली लोकगीत अन्तर्गत पर्व गीत पनि एक हो । पर्वगीतहरू विभिन्न चाडपर्व विशेषमा गाइने गरिन्छ । यस्ता गीत विशेषतः तीज, दसैं, तिहार जस्ता चाडपर्वमा गाइने गरिन्छ ।

गायक राजन कार्कीले गाएका गीतहरूमा तीजेगीत दसै गीत पनि रहेको पाइन्छ । महिलाहरूको पर्व विशेष गरी तीज हो । तीज पर्वमा मुख्यगरी महिलाले आफ्ना मनका पीर, व्यथालाई गीतका माध्यमबाट प्रस्तुत गरेका हुन्छन् । तर समयको परिवर्तनसँगै आजभोलि तीजे गीत महिला पुरुष दुवैले दोहोरीका रूपमा गाउने गरेको पाइन्छ । गायक राजन कार्कीले पनि तीज पर्वलाई विशेष महत्त्व दिएर केही गीतहरू बजारमा ल्याएका छन् ।

उनका तीजे गीतका विषयवस्तु प्रायः मायाप्रेम विषयमा आधारित छन् । कुनै गीत घर परिवारमा हुने श्रीमान्श्रीमती बीचका मनमुटाव र चेली माइत जान नसकेका अवस्थाम नै केन्द्रित रहेका पाइन्छन् ।

यी र यस्तै विषयवस्तु समेटिएका गायक राजन कार्कीले गाएका र हालसम्म प्रकाशित भएका तीजेगीतहरूमा **टलकै टल्केको सारी, आइन बैनी नभन दाजै, सोँचे भैं भएन, भाग्यमानी हो,** जस्ता शीर्षकका गीत रहेको पाइन्छ । यसैगरी कार्कीले पर्व गीतलाई नै मध्यनजर गरी तिहारको अवसरमा देउसी भैलो खेल्ने परम्परालाई यस गीतमार्फत् उतारेका छन् ।

### ४.१.३ संस्कार गीत

नेपाली लोकगीत अन्तर्गत पर्ने गीतमध्ये संस्कार गीत पनि एक हो । संस्कार गीत विभिन्न विवाह, उत्सव, चाडपर्वमा गाइने गरिन्छ । संस्कार गीतमा नौमती बाजा, पञ्चेबाजा र रत्यौलीमा गाइने गीतहरू पर्दछन् । नौमती र पञ्चेबाजाका गीतहरू विशेष गरी विवाह संस्कारमा गाउने गीत भए पनि आजभोलि अन्य समयमा पनि गाउने गरेको पाइन्छ ।

गायक राजन कार्कीले केही पञ्चेबाजा, विवाह र रत्यौलीमा गाइने गीतहरू पनि गाएका छन् । पञ्चेबाजाका गीतका विषयवस्तु विशेष गरी विवाहमा बेहुला पक्ष र बेहुली पक्षका युवायुवती बीच जुहारी चली एक पक्षले अर्को पक्षलाई हराउने उद्देश्यका साथ गाइने गरिन्थ्यो । पञ्चेबाजा र नौमती बाजाका गीतहरूमा पनि युवायुवती बीचका मायाप्रेमका विषयवस्तु नै बढी मात्रामा रहेको पाइन्छ । गायक राजन कार्कीले आफ्नो गायन यात्राका क्रममा पञ्चेबाजा र रत्यौलीका भाकामा गीत गाएका छन् । उनका गीतमा पनि यिनै माया प्रेमसम्बन्धी विषयवस्तु रहेका छन् । कार्कीका हालसम्म बजारमा आएका पञ्चेबाजाका गीतमा **आउनी जानी हुन्छ माइतैमा** र रत्यौली गीतमा **उज्यालो भएकै छैन पुतली रेलैमा** शीर्षकका गीतहरू रहेका छन् ।

यसरी गायक राजन कार्कीले बाह्रमासे गीत अन्तर्गत दोहोरी र सालैजो गीत, पर्व गीत अन्तर्गत तीजे र तिहारका गीत, संस्कार गीतमा पञ्चेबाजा र रत्यौलीमा गाइने गीत गाएका छन् । यिनका गीतहरूमा लोकगीतका अनेक लय र भाका समेटिएको अनुभव गर्न सकिन्छ ।

## ४.२ राजन कार्कीका गीतमा सामाजिक पक्ष

प्रस्तुत अध्ययनपत्रको मुख्य उद्देश्य गायक राजन कार्कीले गाएका गीतको सङ्कलन गरी तिनमा सामाजिक पक्ष औल्याउनु हो । गायन यात्रामा हालसम्म ६० ओटा गीत गाइसकेको कार्कीको दावी रहेको छ । प्रस्तुत अध्ययनपत्रमा उनका सम्पूर्ण गीतको अध्ययन आवश्यक नभएको हुँदा तिनै गीतमध्येबाट विभिन्न श्रव्यदृश्य क्यासेट, सीडी, भीसीडी तथा अडियो क्यासेटबाट २० ओटा गीत सङ्कलन गरी परिशिष्ट खण्डमा समावेश गरिएको छ । प्रस्तुत अध्याय तिनै गीतमा अभिव्यक्त सामाजिक पक्षको अध्ययनमा केन्द्रित रहेको छ ।

### ४.२.१ **कसलाई दिनु दोष** (२०६४)

गायक राजन कार्कीको गायन यात्रा अनौपचारिक रूपमा बाल्यकालदेखि नै सुरु भए पनि औपचारिक रूपमा भने यसै **कसलाई दिनु दोष** गीतमार्फत् भएको पाइन्छ । यस गीतमा गायक कार्कीलाई लक्ष्मी न्यौपानेले स्वरमा साथ दिएकी छन् । गीतका शब्द सङ्कलन विष्णु खत्रीले गरेका हुन् । प्रस्तुत गीतको धौलागिरी क्यासेट सेन्टर काठमाडौंले बजार व्यवस्थापन गरेको हो ।

प्रस्तुत कसलाई दिनु दोष गीतमा मुख्यतः उमेर पुगेका युवायुवती प्रेममा पर्छन् । उनीहरूको मायाप्रेमलाई समाजले सहज रूपमा स्वीकार्न नसक्दा उत्पन्न समस्यालाई गीतको विषयवस्तु बनाइएको छ । सामाजिक रुढीवादीका कारण युवायुवतीको प्रेम सफल हुन नसकेपछि उनीहरू पीडित बनेका छन् । प्रेमीप्रेमिका सँगै बाँच्ने कसम खाए पनि सामाजिक परम्परा र घरपरिवारले स्वीकार नगर्दा बाध्यताले माया एकातर्फ, विवाह अर्कोतर्फ हुनुपरेको छ । आफ्नो मन सफा हुँदाहुँदै पनि जीवन सोँचे जस्तो नहुँदा तड्पिएर बाँच्नु पर्ने बाध्यता र प्रेममा धोखा दिने नेपाली समाजको वास्तविक सन्दर्भलाई गीतमा प्रस्तुत गरिएको छ ।

समग्रमा अझै पनि समाजमा व्याप्त सामाजिक असमानताका कारणले एक अर्कालै मन पराएका प्रेमीप्रेमिका खुलेर समाजमा बाहिर आउन पाएका छैनन् । सामाजिक बन्धनकै कारण उनीहरूले दिलको राजा चुन्न पाएका छैनन् । सामाजिक मूल्य र मान्यताका कारण धेरैको वैवाहिक जीवन सहज र सफल हुन सकेको छैन भन्ने प्रसङ्गलाई गीतमा उजागार गरिएको छ ।

### ४.२.२ के बिरा'को छु र ? (२०६५)

राजन कार्कीको स्वरमा सजिएको लोकदोहोरी गीत के बिराको छु र रक्षा म्यूजिक प्रा.लि.ले २०६५ सालमा प्रकाशन गरेको हो । यस गीतमा गायक राजन कार्कीलाई गायिक देवी धर्तीले स्वरमा साथ दिएकी छन् । यस गीतमा शब्द प्रेम सागर पौड्यालको रहेको छ भने लय गायक कार्कीको रहेको छ ।

प्रस्तुत गीतमा युवा युवतीका मायाप्रेमका विषयलाई लिएर विभिन्न कुराको चर्चा परिचर्चा गर्ने प्रचलन रहेको समाजलाई यहाँ प्रस्तुत गरिएको छ । गीतमा माया लगाई सकेपछिको सन्दर्भ आएको छ । जहाँ एक अर्कालाई विश्वास गर्न नसक्ने र समयमै मान्छे चिन्न नसक्ने समाजलाई गीतमा प्रस्तुत गरिएको छ । समाजमा प्रेमजोडीलाई देखेर भए नभएका कुरा काट्ने, नारीको अस्तित्वमाथि खेडवाड गर्ने, जातीय विभेदका कारण प्रेम सफल हुन नदिने, चाहिने भन्दा बढी गफ लगाउने प्रवृत्ति रहेको समाजलाई प्रस्तुत गर्न यो गीत सफल भएको छ । मायामा आफ्नो भनेपछि आफ्नै अस्तित्व नै मेटिने गरी ज्यान सुम्पिने मान्छेहरू पनि समाजमा छन् भन्ने कुरालाई स्पष्ट रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.३ धानको बाला (२०६५)

राजन कार्कीले २०६५ सालमा क्यासेट एल्बमका रूपमा धानको बाला गीत बजारमा ल्याएका हुन् । धौलागिरी क्यासेट सेन्टर काठमाडौले उत्पादन गरेको प्रस्तुत एल्बममा छोराले बाऊ भुल्ने बेला भयो शीर्ष गीत र कता गयौ मनकी चरी गरी दुई दोहोरी गीत समावेश छन् । दुवै गीतका शब्द सङ्कलक प्रेम सागर पौडेल हुन् । दुवै गीतमा राजन कार्कीलाई गायिका मञ्जु गुरुङले साथ दिएकी छन् ।

राजन कार्कीको प्रस्तुत गीतमा समाजका युवाहरू विदेश जानुपर्ने बाध्यतालाई विषयवस्तु बनाएर गाइएको छ । यसमा मुख्यतः विदेश जाने समाजको चित्रण छ । गरीबीका कारणले विदेश जाने र घर परिवारसँगै हुन नसकेको यथार्थ प्रसङ्ग गीतमा आएको छ । गीतमा आफ्ना इच्छा आकाङ्क्षा पूरा गर्नका लागि घरपरिवार छोडेर विदेशिन परेका नेपालीको बाध्यतालाई प्रस्तुत गरिएको छ । जहाँ आफूले सोचे जस्तो कमाई गर्न नसकेकाले घर फर्किन नसकेको अनुभूति पाइन्छ । समग्रमा यस गीतले नेपाली समाजको वर्तमान जनजीवनको प्रतिनिधित्व गर्न सफल भएको छ ।

गीतले गाउँमा रहँदा समाजमा इज्जतका साथ बस्न, घर र परिवारलाई सुख दिनका लागि विदेश जाने परम्परालाई चित्रण गरेका छन् । विदेशमा गएपछि नेपालीहरूले विदेशमा गाएर पनि राम्रो कमाइ गर्न नसकेको कुरालाई प्रस्तुत गरेका छन् । विदेशमा रहेका बेला नेपाल समाजमा विभिन्न चाडपर्व, संस्कार, संस्कृति, मूल्यमान्यता, खेतीपातीका सन्दर्भको झल्को आएको छ । बुढा भएका बाबाआमा रोजगारमा गएको छोरा आउने बाटो हेरेर बस्नु परेको छ । विदेशमा रहेको छोराले आफ्ना छोराछोरी, श्रीमती र बाबुआमाको सम्झनामा पीडित हुनुपरेको छ । घर आउन चाहेर पनि आउन नसक्ने अवस्था रहेको कुरालाई गीतमा प्रष्ट गरिएको छ ।

गीतमा विशेष गरेर समाजमा आर्थिक विपन्नताका कारण भोकै पेट पटुकी कसेर रुदै बस्नु पर्ने, दुःख परेका बेलामा आफन्तले साथ नदिने हाम्रो समाजको परम्पराले सामान्य परिवारले दुःख पाउनु परेको छ भन्ने सामाजिक पक्ष अभिव्यक्त भएको छ । मान्छे गरीब भएकै कारण विभिन्न समस्या झेल्नु परे पनि त्यसलाई मन बलियो बनाएर बस्न सक्नु पर्छ भन्ने कुरालाई पनि देखाउन खोजिएको छ । सहरमा घर किन्ने र छोराछोरीको भविष्य राम्रो बनाउने सपना बोकेर वैदेशिक रोजगारमा जाने नेपाली समाजको परम्परालाई गीतमा मार्मिक तरिकाले व्यक्त गरिएको छ ।

### ४.२.४ आँसु नझार (२०६५)

प्रस्तुत आँसु नझार गीत २०६५ सालमा म्यूजिक नेपालद्वारा बजारमा ल्याइएको गीत हो । यस गीतमा शब्द प्रेमसागर पौड्यालको रहेको छ भने लय राजन कार्कीको । एल्बममा राजन कार्की र विष्णु माझीको स्वर रहेको छ ।

आँसु नझार दोहोरी गीत हो । यस गीतका माध्यमबाट सुखमा सबैले साथ दिने र दुःखमा छोडेर हिँड्ने समाजलाई प्रस्तुत गरिएको छ । समाजमा हुने खाने र हुँदा खाने वर्गबीचको द्वन्द्वलाई देखाउन खोजिएको छ । समाजमा हुने खाने व्यक्तिले हुँदा खानेलाई हेर्ने दृष्टिकोण राम्रो नभएकोले घरपरिवार छोडेर युवाहरू वैदेशिक रोजगारमा जाने गरेको यथार्थ परिपाठीलाई गीतले प्रस्तुत गर्न सफल भएको छ । गीतमा आफूसँग पैसा नभए पनि समाजमा देखाउन साहुसँग ऋण लिएर चाडपर्व मान्ने अरूले जे लगाएका छन्, खाएका छन् त्यही गर्ने परम्परालाई चित्रण गरिएको छ । गीतमा छोराछोरीले बाबु र बाबुले आफ्ना

सन्तानको खोजी गरेको सन्दर्भ पनि अभिव्यक्त भएको छ । यस्तै, गीतमा समाजमा मान्छेले विगत र वर्तमानमा गर्ने व्यवहार बीचको द्वन्द्वलाई पनि देखाइएको छ ।

गीतकै माध्यमबाट आफ्नै देशमा केही गर्न सकिन्छ कि भन्ने सोच विचार नगरिकन वैदेशिक रोजगारमा गयो भने पैसा कमाउन सकिन्छ । समाजमा सम्पन्न व्यक्ति भइन्छ भनेर विदेश जाने युवाहरूको यथार्थलाई गीतमा देखाइएको छ । समग्रमा भन्नुपर्दा नेपाली समाजमा रहेको वैदेशिक रोजगारीमा जाने परम्परा र रोजगारमा बस्दा हुने पीडा र त्यसले समाजलाई पार्ने प्रभावलाई गीतमा मार्मिक रूपमा प्रस्तुत गरिएको छ ।

### ४.२.५ जूनको शीतल छायाँ (२०६८)

राजन कार्कीको स्वरमा सजिएको जुनको शीतल छायाँ गीत डिजिटल स्टार प्रा.लि पोखराले २०६८ सालमा प्रकाशन गरेको हो । यस गीतमा गायक राजन कार्कीलाई गायिका कृष्ण परियारले स्वरमा साथ दिएकी छन् । यस गीतको शब्द रमेश विजी रहेको छ भने लय स्वयम् गायककै रहेको छ ।

प्रस्तुत गीतमा धनमा भन्दा मायामा विश्वास गर्ने समाजलाई देखाइएको छ । मायाको अगाडि धन केही नहुने । चोखो माया दिन सके मन आनन्दित हुने र सुखमय जीवन बिताउन सकिन्छ भन्ने समाजलाई देखाएको छ । पहिला पहिलाको जस्तो नभई संसार धेरै परिवर्तन भएको र केही पनि नसोची धनको पछाडि लाग्ने समाजलाई यहाँ देखाइएको छ । यही संसारमा सबै एकैनासका छैनन् । कोही आफ्नो मनका पीर र व्यथालाई लुकाएर अरूलाई हसाउने छन् । कोही सहजन र मायाको मूल्य बुझेर मायालाई पुज्ने व्यक्ति पनि छन् भन्ने समाजको चित्रण गर्न प्रस्तुत गीत सफल भएको छ ।

### ४.२.६ केटीतिर ध्यान (२०७२)

राजन कार्की र गायिका निशा पोखरेलको स्वरमा रहेको केटीतिर ध्यान बोलको गीतलाई प्राप्ति म्यूजिक काठमाडौंले २०७२ सालमा बजारमा ल्याएको हो । यस गीतको शब्द किसन बस्यालको रहेको छ भने लय राजन कार्कीको छ ।

प्रस्तुत गीतमा सामाजिक विषयवस्तुलाई समेटिएको छ । गीतमा समाजमा युवायुवतीको अवस्था कस्तो छ ? उनीहरू कुन अवस्थामा रहेका छन् ? भन्ने कुरालाई देखाइएको छ । केटाकेटी पढ्न जाने भनेर हिँड्ने तर अन्तै जाने गरेको र पछि पछुताएका

घटना समाजमा हुने गरेको छ भन्ने कुरालाई देखाइएको छ। गीतमा मान्छेले आफ्नो मूल्य र मान्यता र संस्कारलाई भुलेर विदेशीको नक्कल गर्ने युवायुवतीको यहाँ कमी छैन। समय छँदा केही नगर्ने समय गएपछि पछुताउने हाम्रो बानी हो भनेर यहाँको समाजलाई गीतका माध्यमबाट प्रस्तुत गरिएको छ। जुनसुकै काम गर्दा नराम्रो बिर्सेर राम्रो गर्नुपर्छ। जे काम गर्नु छ त्यो उमेर मै गर्नुपर्छ भन्ने परम्परा बोकेको सामाजिक पक्षलाई पनि गीतमा व्यक्त गरिएको छ। साथै समाजमा विभेद रहेकाले घाटी हेरेर हाँड निल्नुपर्छ भन्ने सामाजिक मूल्यमान्यतालाई मार्मिक रूपमा गीतमा प्रस्तुत गरिएको छ। साथै, गीतमा आफ्नो परम्परा, रितिरिवाज अनुसारको फेशन गर्नुपर्छ। हाम्रो संस्कार, संस्कृति, मूल्य र मान्यता महत्त्वपूर्ण कुरा हुन् भन्ने सन्देश गीतमा अभिव्यक्त भएको छ।

### ४.२.७ डालीमा बसेको चरी (२०७३)

डालीमा बसेको चरी झ्याउरे गीत हो। जुन गीत राजन कार्कीको स्वरमा रहेको छ। गीतलाई रक्षा म्यूजिक काठमाडौंले बजार व्यवस्थापन गरेको छ। २०७३ सालमा बजारमा आएको यस गीतमा शब्द, स्वर र लय गायक राजन कार्कीकै रहेको छ। कार्कीलाई महिला स्वरमा लक्ष्मी बरालले साथ दिएकी छन्।

डालीमा बसेको चरी गीतमा समाजमा युवायुवती बीचको प्रेम प्रसङ्गलाई मुख्य विषयवस्तु बनाइएको छ। यस गीतमा पुरातनवादी सोचले समाजमा जरा गाडेकाले एकअर्कालाई मन पराएका जोडीको मायाप्रेम सहज रूपमा स्वीकार नहुँदा कति युवायुवतीको जीवन तहसनहस भएको कुरालाई देखाइएको। नेपाली समाजको पुरातनवादी सोँचले युवायुवतीको प्रेम सम्बन्धलाई सहज रूपमा स्वीकार गर्न नसकेको कुरालाई प्रष्ट पार्न गीत सफल भएको छ। नेपाली समाजमा जनचेतनाको कमीका कारणले गर्दा युवायुवती बीच हुने माया प्रेमलाई सहज रूपमा स्वीकार गर्न नसक्ने समाजको कमजोरी रहेको देखाइएको छ। समाजले यस्ता सम्बन्धलाई सहज रूपमा नस्वीकार्दा कति युवायुवतीले अकालमा ज्यान गुमाउनु पर्ने बाध्यता सिर्जना भएको छ भन्ने कुरालाई गीतका माध्यमबाट प्रस्तुत गरिएको छ। विशेष गरेर विवाह पछि घरजमको सपना बाक्ने र आफ्ना मनका पीडा बिसाउने सहाराका रूपमा मायालाई लिने नेपाली समाजको वास्तविक सन्दर्भ गीतमा चित्रण भएर आएको छ।

### ४.२.८ पुतली रेलैमा (२०७३)

राजन कार्कीको आवाजमा रहेको प्रस्तुत पुतली रेलैमा गीत रक्षा म्यूजिक काठमाडौंले २०७३ सालमा बजारमा ल्याएको हो । यस गीतमा गायक कार्कीलाई घनश्याम रिजाल र गायिका सीता केसीले साथ दिएका छन् । यस गीतमा शब्द घनश्याम रिजालको रहेको छ भने लय गायक कार्कीकै रहेको छ ।

प्रस्तुत गीत नेपाली लोकजीवन अन्तर्गतको संस्कार गीतमा पर्दछ । यो गीत विभिन्न विवाह उत्सवका बेलामा मात्र गाउन सकिने रत्यौली गीत हो । दुलाहाका घरबाट बेहुला बेहुली लिनका लागि निस्केपछि बेहुलाको घरमा गाइने गीत नै रत्यौली गीतले हाम्रो पुरानो मौलिक परम्परा र सामाजिक चालचलनलाई प्रतिबिम्बित गराउँछ । यस गीतमा बेहुला बेहुली र आमाले गर्नु पर्ने काम, कर्तव्य अधिकारलाई गीतमा माध्यमबाट अभिव्यक्त गर्दै सम्झाउने समाजको चित्रण गीतमा गरिएको हुन्छ । नेपाली समाजमा पुरानो संस्कारका रूपमा रहेको यस गीतले सानालाई माया, ठूलालाई आदरसम्मान गर्नुपर्छ । एवम् आफ्नो काम, कर्तव्य बिर्सनु हुँदैन भन्ने सामाजिक मूल्य र मान्यताबारे बोध गराउन गीत सफल भएको छ । एउटी छोरी आफ्नो जन्मघर छोडेर कर्म घर आएसँगै उसले धेरै जिम्मेवारी र दायित्व बहन गर्नुपर्ने समाजको चित्रण यस गीतमा गरिएको छ । यसका साथै, आफ्नो श्रीमान्को नाम र सिन्दुरले नारीले आफ्नो परिचय बनाउनु पर्छ भन्ने मूल्य मान्यता बोकेको समाजको बारेमा गीतमा अभिव्यक्त गरिएको छ । प्रस्तुत गीतलाई पनि परिशिष्ट खण्डमा समावेश गरिएको छ ।

### ४.२.९ मेरी आमा आउदिनन् फर्कर (२०७४)

गायक राजन कार्की श्रव्यदृश्य कृतिको रूपमा आमाप्रति समर्पित गीत मेरी आमा आउदिनन् फर्केर शीर्षकको गीत २०७४ सालमा प्रकाशनमा आएको हो । यो भिसीडी एल्बमलाई रक्षा म्यूजिक प्रा.लि. काठमाडौले उत्पादन गरी सार्वजनिक गरेको हो । यो एल्बममा एउटा गीत समेटिएको छ । यस गीतमा राजन कार्कीको एकल स्वर रहेको छ भने शब्द सङ्कलन तारानाथ आचार्यले गरेका छन् ।

मेरी आमा आउँदिनन् फर्केर शीर्षकको गीतमा आमा बुबा नहुँदा समाजका व्यक्ति आफन्तले हेर्ने दृष्टिकोणलाई प्रस्तुत गरिएको छ । साना बालबच्चालाई एउटा एकल नारीले हुर्काउँदा भोग्नु परेको दुःख कष्टलाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । ऋण नदिने निर्दयी

व्यक्तित्वहरूको प्रतिनिधित्व रहेको छ । मानवता हराइ सकेको छ समाजमा भन्ने कुरालाई पनि प्रष्ट पारेको छ । आफूलाई जन्म दिने आमा नभएपछि समाज घरपरिवारबाट नै दुःख खेप्नु परेको मार्मिक प्रसङ्ग गीतमा आएको छ ।

चाडपर्वका बेलामा पनि सबै खुशीका साथ मनाइ रहेको र टुहुरोलाई कसैले पनि वास्ता नगर्ने समाजको चलनचल्तीलाई पनि गीतमा प्रस्तुत गरिएको छ । यस गीतले समाजमा मनाइने संस्कृति पक्षको पनि उजागार गरिएको छ साथै समाजमा विवाह गरेर जाने र ल्याउने परम्परालाई स्पष्ट पारेको छ । आफ्नो जुन भन्ने आमा नै नभएपछि संसार नै शून्य भएको, लुगा फाटा लगाउन पनि मुस्किल भएको कुरालाई गीतमा अभिव्यक्त गरिएको छ । यसरी संसारमा सबैभन्दा ठूलो चीज केही पनि नहुने भएकाले आमालाई श्रद्धाका साथ सम्मान गर्नुपर्छ भन्ने नेपाली समाजको वास्तविक सन्दर्भ गीतमा अभिव्यक्त भएको छ ।

### ४.२.१० नरोइ नरोइ जानु (२०७४)

राजन कार्कीको स्वरमा रहेको नरोइ नरोइ जानु गीत २०७४ मा रेकर्ड भएको हो । जुन गीत आचार्य डिजिटल पोखराले बजारमा ल्याएको हो । गीतमा कार्कीलाई अमृता नेपालीले स्वरमा साथ दिएकी छन् । यस गीतमा शब्द समुन्द्र क्षत्रीको र लय राजन कार्कीको रहेको छ ।

नरोइ नरोइ जानु गीतमा युवायुवतीबीचको विछोडको सन्दर्भ अभिव्यक्त भएको पाइन्छ । सामाजिक अन्धविश्वास र सामाजिक विभेदकै कारण गहिरो मायामा परेका प्रेमजोडी पनि एकैसाथ बाँच्न पाएका छैनन् भन्ने सामाजिक पक्षलाई गीतमा प्रस्तुत गरिएको पाइन्छ । यस गीतमा परम्परावादी सोंचका कारणले गर्दा युवायुवती खुलेर मायाप्रेममा बाँधिन पाएका छैनन् र आफ्नो इच्छा हुँदाहुँदै पनि समाजको डरले आफ्नी मन परेकी मायालुलाई अंगाल्न नसकेपछि नरोइ नरोइ जान भनिएको छ ।

गीतमा वैवाहिक जीवनमा प्रवेश गर्नका लागि युवायुवती मिलेर मात्रै हुँदैन, गाउँ समाज र घर परिवारको सल्लाहले मात्र अगाडि बढ्नुपर्छ नत्र वैवाहिक जीवन अलपत्र पर्न सक्न भन्ने समाजको चित्र गीतमा अभिव्यक्त भएको छ । साथै गीतमा प्रेम एउटासँग र विवाह अर्कोसँग हुने नेपाली समाजको चित्र उतारिएको छ ।

### ४.२.११ बुद्ध खेल्ने आँगन मेरो (२०७४)

गायक राजन कार्कीको राष्ट्रिय भावनाले भरिपूर्ण अर्को उत्कृष्ट लोक आधुनिक गीत बुद्ध खेल्ने आगन मेरो हो । यसलाई २०७४ सालमा रक्षा म्यूजिक काठमाडौंले बजारमा ल्याएको हो । यस गीतमा शब्द विष्णु पौड्याल निरासीको रहेको छ भने संगीत र स्वर गायक स्वयम् कार्कीको रहेको छ ।

बुद्ध खेल्ने आँगन मेरो शीर्षकको गीत राष्ट्रिय भावनाले ओतपोत भएको गीत हो । यस गीतमा हाम्रो भौगोलिक सुन्दरता र वीर गोर्खाली गाथाको चित्रण गरिएको छ । हाम्रो समाजको यथार्थ चित्र खिचिएको छ । देशमा विभिन्न भौगोलिक विविधतासँगै यहाँको हावापानी र प्रकृति राम्रो भए भैं यहाँको समाज पनि राम्रो भएको कुरालाई व्यक्त गरिएको छ । प्राकृतिक सुन्दरता जस्तै यहाँका मानवको मन पनि सुन्दर भएकाले कुनै पनि ठाउँमा जाँदा शिर भुकाउन नपर्ने कुरालाई गीतमा अभिव्यक्त गरिएको छ । यस गीतमा यही भूमिमा बुद्ध जन्मनु, सगरमाथा हुनु, लालीगुराँस फुल्नुले नेपालीको शीर उच्च भएको छ । यस्तै हिमाल, पहाड तराई जस्ता भौगोलिक विविधता यहाँ पाइनुले पनि नेपालको गौरव बढाएको भाव अभिव्यक्त भएको छ । यिनै कारणले गर्दा यहाँको समाज सुन्दर, शान्त विशाल रहेको छ । यसका साथै नेपालीले अन्तर्राष्ट्रिय क्षेत्रमा आफ्नो वीरता देखाउन सफल भएकाले कसैको सामु शिर भुकाउन नपरेको कुरा गीतमा प्रस्तुत भएको छ । शुरता र वीरताका साथै यहाँको भौगोलिक विविधता, सांस्कृतिक, सामाजिक मूल्यमान्यता र परम्पराले पनि नेपालको पृथक् पहिचान खडा गरेको छ भन्ने कुरालाई गीतमा प्रस्तुत गरिएको छ ।

### ४.२.१२ उज्यालो भएकै छैन (२०७४)

राजन कार्कीको अर्को गीत उज्यालो भएकै छैन हो । यसलाई २०७४ सालमा रक्षा म्यूजिक प्रा.लि. काठमाडौंले बजारमा ल्याएको हो । गीतमा शब्द घनश्याम रिजालका रहेका छन् भने लय र स्वर राजन कार्कीको रहेको छ । गायक कार्कीलाई स्वरमा पार्वती जिसी र सन्तोष अधिकारीले साथ दिएका छन् ।

उज्यालो भएकै छैन गीतलाई गायकले पुतली रेलैमा भाग २ शीर्षकमा समावेश गरेका छन् । प्रस्तुत गीत नेपाली समाजमा विवाह उत्सवका बेलामा गाइने रत्यौली गीत अन्तर्गत पर्दछ । यस गीतमा बेहुला पक्षका बेहुली लिन गएपछि बेहुलाका घरमा मानिसहरू जम्मा भएर गाउने परम्परालाई उतारिएको छ । गीतमा युवायुवती भेट भएर मायाप्रेम र

आपसी सम्बन्धका गीत गाउने नेपाली समाजको परम्परालाई प्रस्तुत गरिएको पाइन्छ । गीतमा विवाह उत्सवमा सबैको भेट हुने, रमाइलो गर्ने परम्परा र संस्कृतिलाई पनि देखाइएको पाइन्छ ।

नेपाली समाजमा युवायुवतीको मायाप्रेमलाई राम्रो दृष्टिकोणले हेर्ने परम्पराको विकास हुन सकेको छैन त्यसो भन्दैमा चोखो माया गर्न मानिस कसैसँग पनि डराउनु हुन्न भन्ने सन्दर्भ गीतमा आएको छ । चोखो माया लगाइसकेपछि कसैसँग पनि डराउनु हुन्न भन्ने मानसिकता बोकेका युवायुवतीको मनोभावलाई पनि गीतका माध्यमबाट प्रस्तुत गरिएको छ । गीतमा दिनुखानु केही नभए तापनि मीठो बोली बचन पनि प्रिय हुन्छ भन्ने सन्दर्भलाई पनि गीतका कोट्याइएको छ । यस्तै, विवाह उत्सवका बेलामा भेट भएका युवायुवतीले कुनै युवा वा युवतीलाई मन पराएका खण्डमा गीतका माध्यमबाट आफ्ना मनमा लागेका कुरालाई प्रस्तुत गर्ने सामाजिक चलनलाई यहाँ उतार्ने प्रयास गरिएको छ । कुनै युवायुवती कुनै उत्सवमा भेट भएर गीतका माध्यमबाट हामी बीच माया प्रेम छ भन्ने कुराको संकेत जनाउने सामाजिक पक्षलाई गीतमा उतारिएको छ ।

### ४.२.१३ मायालुको डाँडैमा घर (२०७४)

राजन कार्कीको आवाजमा सजिएको गीत मायालुको डाँडैमा घर एल्बमको गीत २०७६ सालमा रक्षा म्यूजिकले प्रकाशनमा ल्याएको हो । यस गीतको शब्द प्रेम सागर पौड्यालको र लय राजन कार्कीको रहेको छ । यस गीतमा गायक कार्कीलाई स्वरमा सुनिता नेपालीले साथ दिएकी छन् ।

मायालुको डाँडैमा घर शीर्षकको गीतमा युवायुवती बीच माया प्रेम हुँदाहुदा पनि समाज घर परिवारका डरले भेट हुन नसक्ने बाध्यता र विवसतालाई यहाँ प्रस्तुत गरिएको छ । युवायुवती बीचको मायालाई नकारात्मक रूपमा हेर्न समाजलाई यहाँ देखाइएको छ । आफ्ना छोराछोरी कतै माया प्रेममा परेकी भने आफ्नो इज्जत जान्छ भन्ने मानसिकता बोकी समाजलाई पनि मार्मिक रूपमा प्रस्तुत गरिएको छ । प्रेमिकालाई प्रेमी भेट्ने मन हुँदाहुँदा पनि घर परिवार र समाजको डरले भेट्न नसकेको कुरालाई यहाँ देखाइएको छ । शङ्का गर्ने विश्वास नगर्ने समाजलाई पनि देखाइएको छ । पुरानो मूल्यमान्यतालाई विश्वास गरेर युवायुवती बीचको सम्बन्धलाई सहज रूपमा स्वीकार गर्न नसक्ने परिपाटी भएको नेपाली समाजको चित्र यस गीतमा उतारिएको छ ।

### ४.२.१४ खोलीमा माछी (२०७५)

राजन कार्कीको स्वरमा रहेको अर्को गीत खोलीमा माछी हो । जुन गीत २०७५ सालमा स्रष्टाको युट्युब च्यानलबाट सार्वजनिक गरिएको हो । कार्कीको शब्द, स्वर रहेको गीतमा कार्कीलाई गायिका लक्ष्मी नेपाली र पूर्णकला बिसीले स्वरमा साथ दिएका छन् ।

प्रस्तुत गीतमा समाजका युवायुवती माया नै सबै कुरा हो भनेर विश्वास गर्ने गरेको समसामयिक कुरालाई नै मुख्य विषयवस्तु बनाएर गाइएको छ । गीतमा मुख्यत युवायुवती बीचको प्रेम, विश्वास र आशाको सन्दर्भ आएको छ । माया प्रेममा रुमाल बैना दिने र त्यही रुमाल हेरेर बस्ने नेपाली समाजको वास्तविक चित्रण यहाँ गरिएको छ । मान्छेले आफ्नो प्रेमीलाई पाउनका लागि मन मुटु दिने र मायालु पाएपछि सबै थोक प्राप्त हुन्छ भन्ने मानसिकता बेबेका युवायुवती पनि नेपाली समाजमा छन् भन्ने कुरालाई गीतले प्रस्तुत गरेको छ । साथै यस गीतमा समाजमा आफ्नो मनले कुरा गर्ने र मनले नै निर्णय गर्ने सामाजिक परम्परा तथा सन्दर्भलाईसमेत् प्रस्तुत गरिएको छ ।

### ४.२.१५ पान खायो मायाले (२०७५)

राजन कार्कीको आवाजमा रहेको पान खायो मायाले गीत गोर्खा चौतारी म्यूजिकले बजारमा ल्याएको हो । २०७५ सालमा बजारमा आएको यस गीतमा कार्कीलाई मेलिना राइले साथ दिएकी छन् । गीतमा शब्द शर्मिला तामाङ्ग र लय सागर लामाको रहेको छ ।

प्रस्तुत गीतमा माया लगाइसकेपछि बीचैमा छुटे जीवन तहसनहस हुन्छ भन्ने कुरालाई संकेत गरिएको छ । सोहीकारण आफनो सिउँदोमा मन परेको मान्छेको हातको सिन्दुर र मन परेकी युवतीको खाली सिउँदो अति प्यारो हुन्छ भन्ने प्रसङ्ग गीतमा आएको छ । यसैले गीतमा माया पाउनका लागि प्रेमी र प्रेमिकाले जस्तोसुकै उपाय अपनाउन सक्छन् भन्ने कुरालाई समेटिएको छ । प्रेमीले प्रेमिकालाई चन्द्रमासँग तुलना गर्दै टुनामुनामा विश्वास गर्ने समाजलाई गीतमा चित्रण गरिएको छ । आफ्ना साथमा आमाबाबु साथीसँगी हुँदाहुँदै पनि उनीहरूको भन्दा आफ्नै मायालुको माया बढी हुने परम्परालाई गीतमा प्रस्तुत गरिएको छ । गीतमा समाजमा आफूलाई खानदानी ठान्ने आडम्बरलाई समय र परिस्थितिले कसरी लोप्पा खुवाउँछ भन्ने यथार्थलाई मार्मिक रूपले उदाङ्ग पार्ने काम कार्कीको यस गीतले गरेको छ ।

### ४.२.१६ आइन बैनी नभन दाजै (२०७५)

राजन कार्कीको आइन बैनी नभन दाजै गीतलाई आशीष म्यूजिक प्रा.लि. काठमाडौंले २०७५ सालमा बजारमा ल्याएको हो । महिलाहरूको महान् चाड तीजका अवसरमा निकालिएको प्रस्तुत गीतमा शब्द राजेन्द्र ढकालको छ भने लय सङ्कलन घनश्याम तिवारीको रहेको छ। गायक कार्कीको स्वरमा लक्ष्मी बरालले साथ दिएकी छन् ।

प्रस्तुत गीत तीज गीत हो । दुःख परेमा चेलले माइतीको शरणमा जाने र चेली माइत नजाँदा माइती नै शून्य हुने सन्दर्भलाई गीतमा प्रस्तुत गरिएको छ। गीतमा तीजको बेलामा चेलीलाई लिन माइन आउने र चेली माइत जाने सामाजिक प्रचलन पुष्टि गरिएको छ । वर्षको एक फेरि आउने चाड तीजको बेलामा नेपाली चेली माइतमा जाने, आफ्ना दुःखसुखका कुरा राख्ने, खेतीपाती, घरधन्दा, गाईवस्तु पाल्ने, घरको सम्पूर्ण रेखदेख गर्ने लगायतका सन्दर्भ साथीसँगीसँग भेट हुँदा बाँड्ने प्रचलनलाई प्रस्तुत गरिएको छ ।

गीतका माध्यमबाट कति चेली माइती जाने इच्छा हुँदाहुँदै विभिन्न कारणले जान नसक्नु, घरको सम्पूर्ण काम महिलाले नै गर्नुपर्छ भन्ने सोँच केही व्यक्ति र घर परिवारमा रहेकाले केही महिला दिदीबहिनी घर छोडेर जान नसक्नु जस्ता दुखद् कुरालाई मार्मिक रूपमा प्रस्तुत गरिएको छ । माइतीमा आमा नहुँदा चेलीलाई शून्य लाग्ने र अरूले हेर्ने दृष्टिकोण पनि फरक हुने समाजको वास्तविक चित्रण यस गीतमा प्रस्तुत गरिएको छ।

### ४.२.१७ देउसी रे (२०७५)

देउसी गीत नेपाली लोकगीत अन्तर्गत पर्व गीतमा पर्दछ । यो नेपालीहरूको महान्पर्व तिहारको अवसरमा गाइन्छ । गायक राजन कार्कीले पनि देउसीले गीत गाएका छन् । यस गीतमा राजन कार्की, दीपक विक र सोह्रन तामाङको स्वर रहेको छ । प्रस्तुत गीत म्यूजिक नेपालले बजारमा ल्याएको हो । गीतमा शब्द राजन कार्की र दीपक विकका रहेका छन् भने लय सङ्कलन राजन कार्कीको रहेको छ।

प्रस्तुत गीतमा नेपालीहरूको महान् पर्व तिहारमा देउसी भैलो खेल्ने परम्परा र संस्कृतिलाई प्रस्तुत गरिएको छ। गीतमा परम्परागत मूल्य, मान्यता र संस्कृतिलाई विश्वास गर्ने समाजको चित्रण यहाँ गरिएको छ । चाडपर्वका बेला साथीभाइ भेट हुने र आफ्ना दुःखकष्टलाई भुलेर रमाइलो गर्ने परम्परालाई देखाइएको छ। आफ्ना मनका कुरा राख्नलाई लाज मान्ने तर नाचगान गर्न सबैलाई मन पर्ने चलनलाई गीतमा सफल रूपमा प्रस्तुत गर्न

खोजिएको छ । तिहारको बेलामा देउसी भैलो खेल्ने, रमाइलो गर्ने र सबैको घरघरमा गई राम्रो आशीर्वाद दिने समाजको रीतिलाई यहाँ प्रस्तुत गएिको छ । यो मात्रै होइन, कार्तिक महिनामा दान पुण्य गरेमा राम्रो फलिफाप हुन्छ भन्ने मूल्य र मान्यतालाईसमेत् गीतमा संकेत गरिएको छ । तिहारको बेलामा दिदीबहिनीले आफ्ना दाजुभाइलाई राम्रो होस् भनेर मखमली फूलको माला लगाइदिने परम्परा भएकाले घर परिपरी गोदावरी, सयपत्री र मखमली फूल फुलाउनुपर्छ भन्ने जनविश्वास रहेको नेपाली समाजको वास्तविक सन्दर्भ एवम् सामाजिक मूल्य र मान्यतालाई गीतमा प्रस्तुत गरिएको छ ।

### ४.२.१८ रोदी गाउन आउनु है ? (२०७५)

राजन कार्कीको स्वरमा सजिएको अर्को चर्चित गीत रोदी गाउन आउनु है हो । जुन गीत २०७५ सालमा राजन कार्की अफीसियल युट्युब च्यानलबाट सार्वजनिक भएको हो । यस गीतमा गायक राजन कार्कीलाई गायिका विष्णु माझीले स्वरमा साथ दिएकी छन् । यस गीतको शब्द पदमराज सिग्देल र विष्णु सिग्देलको रहेको छ भने लय वसन्त थापाको रहेको छ । प्रस्तुत गीतमा रोदी गाउने र रोदी हेर्न जाने समाजलाई देखाइएको छ । युवायुवती रोदीमा भेट हुने माया प्रेमका कुरा गर्न र माया प्रेम लगाउने चलनलाई यस गीतमा देखाइएको छ । प्रेमीप्रेमिकाले दिन रात एक अर्कोलाई देख्ने गरेको र आफ्नो आफूहरूको माया कसैका कारणले छुट्छ कि भन्ने डरले डराउने समाजलाई यहाँ प्रस्तुत गरिएको छ । कसैले पनि नदेख्ने ठाउँमा बसेर आफ्ना मनका सुखदुःखका कुरा गर्न समाजलाई पनि देखाइएको छ । प्रेमी कतै टाढा जाँदा आफूलाई धोका दिने त होइन भनेर मनमा विभिन्न कुरा खेलाउने समाजको परम्परालाई पनि यहाँ प्रस्तुत गरिएको छ । देवी देवता र कसम खाने परम्परामा विश्वास गर्न समाजलाई यहा राम्रोसँग प्रस्तुत गरिएको छ । पानी विना माछी हुन नसके झैं माया पनि नहुने कुरालाई विश्वास गर्ने नेपाली समाजको वास्तविक सन्दर्भलाई प्रस्तुत गर्न गीत सफल भएको देखिन्छ ।

### ४.२.१९ टलक्कै टल्केको सारी (२०७५)

राजन कार्कीको स्वरमा रहेको टलक्कै टल्केको सारी गीत २०७५ सालमा बजारमा आएको हो । यस गीत तीज पर्वसँग सम्बन्धित छ । गीतमा गायक कार्कीलाई माया गुरुङले साथ दिएकी छन् । यस गीतका शब्द घनश्याम रिजाल र लय राजन कार्कीको रहेको छ ।

कार्कीले गाएको प्रस्तुत गीत पर्व गीत अन्तर्गतको गीत हो । प्रस्तुत गीतमा चाडपर्वका बेला आफूसँग नभए पनि अरूलाई देखाउन ऋण धन गरेर भए पनि लवाइखवाइ समाजमा देखाउनुपर्ने पुरातनवादी सोचलाई दोहोरीका माध्यमबाट देखाउन खोजिएको छ । यस गीतमा चाडपर्वको बेलामा मीठो खाने, रमाउने र साथीभाइसँग भेटघाट गर्ने सामाजिक परम्परालाई पनि प्रस्तुत गरिएको छ । साथै गीतमा धार्मिक परम्परालाई प्रस्तुत गर्नुका साथै हिन्दू नारीहरूको महान् पर्व तीजमा राम्रो लगाउन र खानका लागि घर परिवारको अनुमति चाहिने प्रचलन रहेको नेपाली समाजको वास्तविक प्रसङ्गलाई पनि प्रस्तुत गरिएको छ । साथै गीतमा पतिपत्नी बीचका उल्लास र उमङ्गका सन्दर्भलाई पनि जोडिएको देखिन्छ ।

गीतमा धेरै महङ्गा सामान लगाएर हिँडेमा सबैभन्दा ठूलो भइन्छ भन्ने संकुचित सोच हाम्रो समाजमा रहेको छ भन्ने कुरालाई देखाउन खोजिएको छ । यसैगरी नेपाली समाजमा विभिन्न संस्कार, संस्कृति, चालचलन, रीतिरिवाज र परम्परा रहेका छन् । ती संस्कारले स्वदेशी मात्रै नभएर विदेशीलाई पनि मन लोभ्याउन सफल भएको कुरालाई पनि गीतमा अभिव्यक्त गरिएको छ । समग्रमा भन्नुपर्दा सांस्कृतिक र परम्परागत मूल्यमान्यताका कुरालाई गीतमा प्रस्तुत गरिएकाले नेपाली समाजको वास्तविक प्रतिनिधित्व गर्न गीत सफल भएको छ ।

### **४.२.२० वारी दरौं (२०७५)**

राजन कार्कीको स्वरमा रहेको अर्को गीत वारी दरौं हो । जसमा सीता केसीले उनलाई स्वरमा साथ दिएकी छन् । जुन गीत २०७५ सालमा सीता केसीको युट्युब च्यानलबाट प्रसारण गरिएको हो । गीतमा शब्द लय दिनेश गुरुङको रहेको छ ।

प्रस्तुत वारी दरौं गीत नेपाली लोकगीतको बाह्रमासे गीत अन्तर्गतको सालैजो गीत हो । जुन गीत बाह्रै महिना गाउन सकिन्छ । यस्ता गीत गाउन भनेर विशेष कुनै चाडपर्व, मेला, महोत्सव कुर्नुपर्दैन । सालैजो गीत पहिला-पहिला गाउँघरमा रोदी बस्दा गाउने गीत हो । विशेष गरी यो गुरुङ, मगर समुदायमा गाइने गीत हो । समयको परिवर्तनसँगै आज भोलि जुनसुकै जाति र समुदायले यो गीत गाउने गरेको पाइन्छ । यस गीतमा युवायुवतीको माया प्रेमका साथै भौगोलिक स्वरूप, संस्कार, संस्कृति परम्परालाई प्रस्तुत गरिने भएकाले यस गीतमा धेरै सामाजिक पक्षको चित्रण गरिएको हुन्छ । प्रस्तुत वारी दरौं गीतमा भने स्याङ्जाको दरौं गाउँ र त्यस क्षेत्रमा प्राप्त हुने विविध सामाजिक, सांस्कृतिक, आर्थिक

पक्षको चर्चा परिचर्चा गरिएको छ । त्यस क्षेत्रको चिनारी सँगसँगै आफूलाई मन परेकी मायालुलाई पाखारेखामा फुलेको गुलाफको फूलसँग तुलना गरेको पाइन्छ । गीतमा आफ्नो मायालु भेट्नका लागि युवायुवतीले अनेक बहानावाजी गरेर हिँड्ने समाजको चित्रण पनि गरिएको छ । समग्रमा यस गीतमा स्याङ्जा जिल्लाको विशेषता, त्यस दरौं क्षेत्रको चिनारीलाई प्रस्तुत गर्न गीत सफल भएको छ । निष्कर्षमा गीतमा माया प्रेम सबैभन्दा ठूलो विश्वास हो । त्यस गीतमा कहिल्यै घातप्रतिघात गर्नु हुँदैन भन्ने समाजको चित्रण पाइन्छ ।

### ४.३ राजन कार्कीका गीतका विशेषता

राजन कार्कीका गीतमा आफ्नै प्रकृतिका विशेषता रहेका छन् । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

**क सरलता**

कार्कीका गीतमा भेटिने विशेषतामध्येको एक हो, सरलता । कार्कीले लोकगीत गाउँदा त्यसलाई आफ्नै ठानेर त्यसमा मौलिकता थपेर अभिव्यक्त गरेका छन् । उनका गीतमा सर्वसाधारण अपठित जनताका सरल स्वच्छ हृदयका स्पन्दन बगेका छन् । जहाँ उनले ग्रामीण जनजीवन, उनीहरूको रहनसहन अभिव्यक्त गरेका छन् ।

**ख. आर्थिक विपन्नताको चित्रण**

राजन कार्कीले गाएका गीतमा नेपाली समाजमा रहेका गरीब तथा न्यून आयस्तर भएका मानिसको पारिवारिक चित्रण पाइन्छ । गरीब तथा न्यून आयस्तर भएका मानिसले भोग्नु परेका समस्या र दःखलाई कार्कीले गीतका माध्यमबाट व्यक्त गरेका छन् । समाजका धनी मानिसका माझमा अवस्था कमजोर हुँदा घरपरिवार चलाउने ऋण लिनु पर्ने र त्यही ऋण तिर्न विदेशीनु पर्ने बाध्यतालाई गीतका माध्यमबाट प्रस्तुत गरेका छन् । गरीबलाई पीडा र दुःखले सताउने गर्दछ । उनीहरूको जीवनमा ऋण सापट लिनु भनेको दुःखले बास गर्नु हो । यस्तै समस्यालाई यस गीतमा उत्कृष्ट तरिकाले प्रस्तुत गरिएको छ ।

*हे के गरौं त सम्झना साह्रो भो घर*
*बसी ऋण तिर्न नै गाह्रो भो आँसु नझार*
*मेरी प्यारी आँसु नझार सँगै बिताउला*
*जुनी हजार सम्झना साह्रो भो*

*घर बसी ऋण तिर्नने गाह्रो भो*

*आँसु नझार, मेरी प्यारी आँसु नझार सँगै बिताउला जुनी हजार*

(परिशिष्ट १, पृ.५२, आँसु नझार)

यसैगरी आफ्नो पारिवारिकस्थिति कमजोर भएका कारणले आफू बस्ने समाजका अन्य परिवारहरू धनी भएर धाक लगाउँदा गरीबको मन दुख्ने गर्दछ । गरीबीकै कारणले गर्दा उनीहरूलाई एक छाक टार्न नसक्दा भोको पेट पटुकी कसी रुँदै बस्नु परेको यथार्थता यिनका गीतमा पाइन्छ ।

*हे भोको पेट (पटुकी कसी)*[२]

*रुँदै हौली आँगनको डिल बसी*

*गाउँघरतिर कस्तो भा'होला*

*धुरुधुरु रोइहोलीन प्यारी छोराले बाऊ सम्झी रो'होला*

*(पटुकी कसी)*[२]

*रुँदै हौली आँगनको डिल बसी*

*गाउँघरतिर कस्तो भा'होला*

*धुरुधुरु रोइहोलीन प्यारी छोराले बाऊ सम्झी रो'होला*

(परिशिष्ट १, पृ.५०, धनको बाला)

यसरी हाम्रो समाजमा भएका सत्य घटनालाई गीतको माध्यमबाट लोक श्रोता माझ पुऱ्याउने काम राजन कार्कीले गरेका छन् । गरीब मानिसहरूले आर्थिकस्थिति कमजोर हुनाकै कारणले विदेशीनु पर्ने घरपरिवार रमाइलोसँग सँगै बस्न सकेका छैनन् । त्यसैले हाम्रो समाजमा गरीबका लागि जीवन निर्वाह गर्न कठीनाइ भएको पाइन्छ ।

### ग. अनुप्रासमयता

लोकगीतका विभिन्न तत्त्वमध्ये अनुप्रास एक महत्त्वपूर्ण तत्त्व हो । नेपाली लोकगीतमा अनुप्रासमयताको महत्त्व छ । लोकगीतमा यसको भूमिका अनिवार्य मानिन्छ । गीतमा अनुप्रास मिलेको खण्डमा सुन्दा पनि मिठास भएको अनुभव हुन्छ । गीत अन्तिमका शब्दहरू मिलेर बन्ने हुनाले यसलाई अन्त्यानुप्रास मिलेको पनि भन्न सकिन्छ । राजन कार्कीले गाएका गीतमा पहिलो र दोस्रो पंक्तिका अन्तिम शब्दहरूको अनुप्रास मिलेको पाइन्छ । यस्तो हुनु पनि गायकको अर्को विशेषता हो ।

*शङ्खा लाग्यो रोजेउकी अरू*

*चरी जस्तै मन उड्छ भुरुरु*

*मायालुको डाँडैमा घर*

*अन्त्यै माया लाएकी छौकी छैनौ भने भेट हुने गर*

*रोजेउकी अरू, चरी जस्तै मन उड्छ भुरुरु*

*मायालुको डाँडैमा घर*

*अन्त्यै माया लाएकी छौकी छैनौ भने भेट हुने गर*

(परिशिष्ट १, पृ.६४, मायालुको डाँडैमा घर)

*माया गर्न आत्मलाई थाहा होला*

*मनको सामु धन ठूलो कहाँ होला*

*जूनको शीतल छाया अरू मैले मागे कै के छुर केवल चोखो माया*

*आत्मलाई थाहा होला*

*मनको सामु धन ठूलो कहाँ होला*

*जूनको शीतल छाया अरू मैले मागे कै के छुर केवल चोखो माया*

(परिशिष्ट १, पृ.५३, जूनको शीतल छायाँ)

**घ. लोकतत्त्वको प्रधानता**

गायक राजन कार्कीका गीतमा पाइने अर्को महत्त्वपूर्ण विशेषता लोकतत्त्वको प्रधानता हो । लोक जीवनमा हुने गरेका घट्ना र प्रयोग हुने शब्दहरूलाई गीतमा प्रयोग गर्नु नै सफल लोकगीत हो । कार्कीले गाएका गीतमा लोकभाषा, लोकसंस्कृति, लोकपरिवेश जस्ता लोक तत्त्वहरूको प्रयोग भएको पाइन्छ । ग्रामीण परिवेशका मानिसको जन जिब्रोमा प्रयोग हुने तिम्लाई (तिमीलाई) मरै (मेरो) बाउ (बाबा) रूपै (मुहार) गरमला (गरौला) माइतै (माइती घर) रमझम (रमाइलो) भाकोछ (भएको छ) कस्लाई (कसलाई) सपनी (सपना) झलीको (सम्झना) फरीया (साडी) मान्छे (मानिस) सबका (सबैका) प्रदेश (विदेशी) भाका ( समय) माछी (माछा) ताहारह थियो (थाहा थियो) सालैको (सालको) मिलारकन (मिलाएर) हुकुमै (आदेश) जस्ता अनेकौं नेपाली ठेट झर्रा र लोक शब्द उनका गीतमा पाइन्छन् । त्यसैगरी कार्कीका गीतमा स्याङ्जा, बाग्लुङ कुश्मा पर्वत, कास्की जस्ता ठाउँ विशेषको प्रयोग र चित्रण भएको पाइन्छ ।

## ४.४ राजन कार्कीका गीतका सीमा र सामर्थ्य

राजन कार्कीका गीतमा विभिन्न सबल पक्ष अर्थात् सामर्थ्य रहेका छन् । जसमध्येको एक हो, नेपाली समाजका परम्परालाई चित्रण गर्न सक्नु । यस्तै गरी, घर परिवारका सदस्यसँगै बसेर गीत सुन्न सकिने शब्दको प्रयोग हुनु, विदेशमा गएका नेपालीहरूको दुःख कष्ठलाई प्रस्तुत गर्नु, नेपाली समाजमा माया प्रेमलाई हेर्ने दृष्टिकोणलाई प्रष्ट रूपमा प्रस्तुत गर्नु, सबैले सहज रूपमा बुझ्न सक्ने, राष्ट्र भावले ओतपोत भएका गीत हुनु, मौलिकतासँगै आधुनिकतातर्फ विशेष ध्यान दिनु, ग्रामीण भन्दा बढी सहरिया लवज र शैलीका शब्दलाई लयबद्ध गर्नु जस्ता उनका सबल पक्ष रहेका छन् ।

यति हुँदाहुँदै पनि उनका गीतमा केही कमजोरी पनि रहेका छन् । उनका गीतमा माया प्रेममा मात्र सीमित हुनु उनको कमजोर पक्ष हो । यस्तै समाजका पुराना मूल्य मान्यतालाई हटाउनु पर्छ भन्ने सन्देश दिन नसक्नु पनि उनका सीमाका रूपमा देख्न सकिन्छ । यसैगरी, सबै क्षेत्र वर्गका व्यक्तिहरूलाई समेट्न नसक्नु, दुःखका र विछोडका कुरालाई मात्र समावेश गरिनु, सफल सन्दर्भलाई देखाउन नसक्नु र पुरातनवादी सोचलाई पूर्ण रूपमा बदल्न नसक्नु जस्ता सीमाका रूपमा देखिएका छन् । यसरी आगामी दिनमा उनले यी यस्ता सन्दर्भलाई विशेष ख्याल गर्नुपर्ने देखिन्छ ।

## ४.५ निष्कर्ष

राजन कार्कीका गीतलाई वर्गीकरण गरेर हेर्दा विभिन्न विषयवस्तु र भावहरू समावेश भएको पाइन्छ । उनले गाउँ सहरको परिवेश र समय-सापेक्ष विभिन्न गीतहरू गाउँदै र सङ्कलन गर्दै आइ रहेका छन् । कार्कीले गाएका गीतलाई बाह्रमासे पर्व गीत र संस्कार गीत गरी तीन भागमा विभाजन गरी अध्ययन गरिएको छ । बाह्रमासे गीतमा लोक दोहोरी गीत र सालैजो गीत, पर्वगीतमा तीजे भाकाका गीतहरू र संस्कार गीतहरूमा रत्यौली पञ्चेबाजामा बज्ने गीतहरू गाएका छन् ।

राजन कार्कीका गीतहरूमा लोकगीतमा हुनु पर्ने विभिन्न विषयवस्तु र भावहरू समावेश भएका छन् । कार्कीका गीतहरूमा माया प्रेम वियोग विछोड नारी वेदना सामाजिक विपन्नताको चित्रण जस्ता विषयवस्तु समावेश भएका छन् । कार्कीले गाएका र सङ्कलन गरेका गीतलाई केलाउँदा विभिन्न विशेषताहरू भेट्न सकिन्छ । उनका गीतहरू सरल र लयात्मक हुनुका साथै अन्त्यानुप्रास पनि मिलेका छन् । सबै गीतमा लोकतत्वको प्रधानता

भेटिन्छ । राजन कार्कीका सबै जसो गीतहरूमा लोकभाषाको नै बाहुल्यता रहेको छ । लोक जीवनमा हुने गरेका घटना र प्रयोग हुने सामान्य बोलीचालीका शब्दहरू नै गीतमा प्रयोग भएका छन् । यिनका गीतहरूमा लोक भाषा संस्कृति र परिवेश जस्ता तत्त्वहरूको प्रयोग भएका छन् । कतै कतै सहरिया परिवेशका भावहरू पनि भेटिन्छन् ।

लोक जीवनमा आधारित जीवनका विभिन्न पक्षलाई उजागर गर्ने लोकगीत हाम्रो लोक जीवनका पहिचान हुन् । लोक जीवनका हृदयमा रहेको गीतले सरलता, सहजता, कोमलता, मार्मिकता जस्ता हृदयस्पर्शी शिल्प र शैली अँगाल्दै देश काल र परिवेशको चित्रण गरेका हुन्छन् । लोक जीवनका विविध अनुभव र अनुभूतिको यथार्थ पक्ष थाहा पाउनका लागि लोकगीत सुनेर मानिसले हृदयमा शान्ति र शीतलताको अनुभव गर्दछ । समयको परिवर्तनसँगै तिनै लोक जीवनका कला र संस्कृति आधुनिकताबाट सहरीकरणमा परिणत हुँदै आएको पाइएको छ । लोकगीत सङ्गीतले लोक जीवनको यथार्थलाई मात्र नभई सहरिया जीवनको चित्रणसमेत् गरेको पाइन्छ ।

# परिच्छेद पाँच
# उपसंहार

## ५.१ सारांश

नेपाल एक भौगोलिक विविधताले सम्पन्न र प्राकृतिक सुन्दरताले भरिपूर्ण देश हो । भूपरिवेष्टित राष्ट्र नेपाल उत्तरमा चीन पूर्व पश्चिम तथा दक्षिणमा भारतको सिमानाले दरिएको छ । नेपाल एसियाकै सानो भएर पनि सुन्दर प्रकृतिले भरिपूर्ण देश हो । नेपालको उत्तरी भू-भागमा अग्ला-अग्ला हिमशृङ्खला छन् भने दक्षिणी भागमा समतल भूमि छ । यहाँ विश्वकै अग्लो हिमशिखर सगरमाथा रहेको छ । नेपालको विभिन्न सुन्दर सहरमध्येको एक प्रमुख सहर पोखरा हो ।

प्राकृतिक सम्पदाले भरिपूर्ण सहर पोखरा नेपालको गण्डकी प्रदेशको कास्की जिल्लामा अवस्थित छ । यसै जिल्लामा रहेर वर्तमान समयमा नेपाली लोकगीत सङ्गीतको क्षेत्रमा आफ्नै बेग्लै पहिचान बनाउन सफल राजन कार्की एक कुशल गायकका साथै शब्द सङ्कलक पनि हुन् । धेरै नै नेपाली लोकदोहोरी गीतहरूमा आवाज दिई सङ्गीतका क्षेत्रमासमेत् क्रियाशील देखिन्छन् ।

हसिलो स्वभावका कार्की आफ्नै कला र प्रतिभाले गर्दा लोकगीतका क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल देखिन्छन् । स्कुल पढ्दादेखि नै लोक सङ्गीतका क्षेत्रमा रुचि राख्ने कार्की विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका दोहोरी गीत प्रतियोगितामा आफ्नो प्रतिभा र सहभागिता देखाएर आफ्नो परिचय दिइसकेका छन् । सानैबाट गीत सङ्गीत भनेपछि भुतुक्कै हुने राजन कार्की आफ्ना बाबु र लोकगायक विष्णु खत्रीका साथै अग्रज कलाकारबाट पाएको प्रेरणा र हौसलाले आफू भित्रको प्रतिभालाई श्रोतामाझ ल्याउन सफल भएका छन् । कार्की गायकका साथै एक कुशल शिक्षक पनि हुन् ।

गायक राजन कार्कीले गाएका गीतमा लोकजीवनका बिम्ब, प्रतिबिम्ब र विशेषताका विविध पक्ष रहेको पाइन्छ । यिनै विविध पक्षलाई केलाउँदै यस अध्ययनपत्रमा अध्ययन विश्लेषण र मूल्याङ्कन गरिएको छ । कार्कीले गाएका गीतलाई विभिन्न परिच्छेदमा विभाजन गरी अध्ययन गरिएको छ । पहिलो परिच्छेदमा अध्ययनपत्रको परिचय दिइएको छ । यस परिच्छेदभित्र विषय परिचय, अध्ययन शीर्षक, प्रयोजन समस्या कथन, उद्देश्य कथन,

पूर्व कार्यको समीक्षा, अध्ययनको औचित्य, क्षेत्र र सीमा, अध्ययन विधि र परिच्छेद विभाजन जस्ता उपशीर्षकमा अध्ययनको आवश्यकता र औचित्य पुष्टि गरिएको छ ।

दोस्रो परिच्छेदमा गायक राजन कार्कीको जीवनी, व्यक्तित्व र कृतित्वको परिचय दिइएको छ । यस परिच्छेदमा राजन कार्कीको जीवनी अन्तर्गत उनको पारिवारिक र पुर्ख्यौली पृष्ठभूमि, जन्म, बाल्यकाल, शिक्षा, दाम्पत्य जीवन र परिवार, गायन क्षेत्रमा प्रेरणा, प्रारम्भ, स्वभाव, रुचि, अविस्मरणीय क्षण आदि उपशीर्षकको अध्ययन गरिएको छ । व्यक्तित्व अन्तर्गत उनलाई गायक, सङ्कलक र शिक्षकका रूपमा चिनाउने काम गरिएको छ । यसका साथसाथै यस परिच्छेदमा कार्कीले प्राप्त गरेका पुरस्कार र सम्मानको विवरण उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा लोकगीतको परिचय, प्रकार, विशेषता र राजन कार्कीका गीतको वर्गीकरण गरिएको छ । यस शीर्षकमा कार्कीले गाएका र सङ्कलन गरेका गीतहरूको वर्गीकरण गर्दै उनका गीतहरूमा अभिव्यक्त विषयवस्तु र भावको पनि चर्चा गरिएको छ । उनले गाएका गीतमा के कस्ता गुण र विशेषता रहेका छन् तीनको पहिचान गर्ने काम यसै चरणमा गरिएको छ ।

यस्तै अध्ययनको चौथो परिच्छेदमा राजन कार्कीका गीतमा सामाजिक पक्ष शीर्षकमा अध्ययन गरिएको छ । यस शीर्षक अन्तर्गत कार्कीले हालसम्म गाएका र सङ्कलन गरेका गीतहरू मध्येबाट २० ओटा गीतहरूको सामाजिक पक्षको अध्ययन गरिएको छ । अध्ययनको पाँचौं परिच्छेद अध्ययनको निचोड हो । जहाँ अध्ययनको सारांश र निष्कर्ष प्रस्तुत गरी अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

## ५.२ निष्कर्ष

वर्तमान समयमा नेपाली लोकगीत सङ्गीतको क्षेत्रमा आफ्नो बेग्लै स्थान बनाउन सफल राजन कार्की कुशल गायकका साथै शब्द सङ्कलक पनि हुन् । धेरै नेपाली लोकदोहोरी गीतमा आवाज दिइसकेका कार्की वर्तमान समयमा पनि गीत सङ्गीतमा उत्तिकै सक्रिय देखिन्छन् । हँसिलो स्वभावका कार्की आफ्नै कला र प्रतिभाका कारण लोकगीत सङ्गीतका क्षेत्रमा बेग्लै पहिचान बनाउन सफल भएका छन् । उनले विभिन्न स्थानीय तथा राष्ट्रिय स्तरका दोहोरी गीत र प्रतियोगितामा आफ्नो प्रतिभा देखाएर आफ्नो पहिचान दिन सकेका छन् । सानैबाट गीत सङ्गीत भनेपछि भुतुक्कै हुने राजन कार्की बाबु र गायक विष्णु

खत्रीका साथै अग्रज कलाकारबाट पाएको प्रेरणा र हौसलाले गर्दा आफूभित्रको गायन प्रतिभालाई श्रोतामाझ ल्याउन सफल भएका छन् । उनले गायका गीतहरूमध्ये केही उनी आफैले शब्द सङ्कल गरेका छन् । त्यसैले कार्की गायक मात्र नभई एक कुशल शब्द र लय सङ्कलक पनि हुन् ।

गायक राजन कार्कीले गाएका गीतहरूमा सरल, सहज, स्पष्ट भाषाशैली र लयात्मकता पाइन्छ । यिनले ग्रामीण तथा सहरिया परिवेशका गीतहरू गाउने गर्दछन् । यिनका गीतमा युवायुवतीका माया, प्रेम, मिलन विछोड नारीका वेदना ग्रामीण परिवारको आर्थिक विपन्न अवस्था मानवीय जीवनका कथा व्यथाका दुःख र दुःखका पाटाहरू सम्बन्धी भाव अभिव्यक्त भएका छन् । कार्कीले युवायुवती बीच हुने माया प्रेम र त्यसपछि उत्पन्न हुने मिलन या विछोडका समस्यालाई आफ्ना गीतका विषयवस्तु बनाएका छन् । युवायुवतीका माया प्रेम, मिलन, विछोडमै कार्कीका धेरैजसो गीतहरू केन्द्रित छन् ।

गायक राजन कार्कीले मायामा परेका युवायुवतीहरू माया लगाएर एक अर्कोबाट बाध्यताका कारणले गर्दा छुट्टिए बस्नु पर्दाको विछोडपूर्ण घाउमा तड्पिनु पर्दाको कारुणिक भावलाई आफ्ना गीतका माध्यमबाट प्रस्तुत गरेका छन् । त्यसैगरी उनका गीतमा रोजगारीका लागि विदेश गएका श्रीमान्को सम्झनामा तड्पिनु परेको दर्दनाक अवस्थाको चित्रण पाइन्छ । अर्कोतर्फ उनका गीतमा आर्थिक अभाव र विपन्नताका कारणले गर्दा समाजका अरू सम्पन्न व्यक्तिहरू जस्तै बन्ने इच्छाले विदेश जाने परिपाटीलाई कारुणिक र मार्मिक रूपमा प्रस्तुत गरेको पाइन्छ । गायक कार्कीले मानव जीवनका कथा, व्यथा, मायाप्रेमका कारण हुने मिलन र विछोडर्लाइ नै मुख्य विषय बनाई आफ्ना गीतबाट प्रस्तुत गरेका छन् ।

राजन कार्कीले विभिन्न भाकाका गीत गाएका छन् । लोकदोहोरी, तीजे गीत, एकल गीत, सालैजो गीत र रत्यौली गीत जस्ता विविध प्रकारका गीतहरू गाएका छन् । उनले लोकदोहोरी गीत र तीजे भाकाका गीतहरू बढी मात्रामा गाएको पाइन्छ र त्यस क्षेत्रमा चर्चित पनि बनेका छन् । कार्कीका गीतहरूमा सरल वाक्य र लयात्मकता भएका कारण वृद्धवृद्धा युवायुवती बालबालिका सबैको मन जित्न सफल भएका छन् । उनले गाएका गीतहरू सुन्दा जो कोही पनि मौन बस्न सक्दैनन् ।

गायक कार्कीको स्वरमा मिठासपन भएकै कारण उनी गीत गाउँदै छमछमी नाच्छन् र दर्शक श्रोतालाई पनि नचाउन सफल हुन्छन् । यिनले गीतहरूमा ग्रामीण सहरिया

जनजीवन र परिवेशलाई समेट्नुका साथै त्यहाँका युवायुवती बीचको माया प्रेम मिलन विछोडलाई नै मुख्य विषयवस्तु बनाएका छन् । नेपाली जनजिब्रोमा झुण्डिएका विभिन्न शब्दको प्रचुर मात्रामा प्रयोग गरेर जनमानस समक्ष आफूलाई स्थापित गरेका छन् । यिनका गीतहरूमा लोक भाषा परम्परा, विश्वास र परिवेश अटाएका छन् । त्यसैले गर्दा कार्कीका गीत सुनेर लोक पारखी श्रोताले आफ्नै हृदयको अनुभूति र भावहरू प्रस्तुत भएको अनुभव गर्न सक्दछन् ।

## ५.३ सुझाव

राजन कार्कीले गाएका गीतहरूको सामाजिक पक्ष शीर्षकमा केन्द्रित भई गरिएको अध्ययनबाट प्राप्त तथ्याङ्कलाई नियाल्दा अरूको संस्कृतिका पछि नलागी आफ्नै लोक संस्कृतिलाई बचाउनुपर्ने देखिन्छ । नेपाली लोक तथा दोहोरी गीतप्रति सकारात्मक सोच राखेर यसको संरक्षणको सबैले आफ्नो ठाउँबाट सहयोग गर्नुपर्ने देखिन्छ । ज्ञान बुद्धिका निमित्त गायक राजन कार्कीले गाएका गीतहरूलाई विभिन्न शीर्षकमा बनाएर अध्ययन गर्न सकिन्छ । सुझावको रूपमा केही शीर्षक तल प्रस्तुत गरिएको छ :

- गायक राजन कार्कीले गाएका गीतहरूमा लय विधान
- गायक राजन कार्कीले गाएका गीतको सङ्कलन र अध्ययन
- गायक राजन कार्कीले गाएका गीतहरूमा बिम्ब र प्रतिक विधान
- गायक राजन कार्कीले गाएका गीतहरूमा संस्कृति पक्ष

## परिशिष्ट : १

# राजन कार्कीले गाएका गीतको सङ्कलन

## १. कसलाई दिनु दोष (२०६४)

*स्वर: राजन कार्की, लक्ष्मी न्यौपाने*
*लय : राजन कार्की, शब्द : विष्णु खत्री*
*उत्पादक : धौलागिरि क्यासेट ।*

केटा : छुटेपछि तिम्रो मेरो साथ
भाँचिए झैं भाको छ दाहिने हात ।[२]
कसलाई दिनु दोष
मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]
केटी : सगरमाथा जस्तो शिर हुँदा
सोचे जस्तो जीवनमा नहुँदा ।[२]
कसलाई दिनु दोष
मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटा : रुँदारुँदा आँसुको ताल हुँदा
ओरालीको हरिणको चाल हुँदा ।[२]
कसलाई दिनु दोष
मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]
केटी : परदैन र कसलाई पो पीर
जाँ टेक्यो भाँसिदा उही निर ।[२]
कसलाई दिनु दोष
मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटा : मैले हिँडे सिँगार्दै सिँगार्दै

तिम्ले हिँड्यौ बिगार्दै, बिगार्दै ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटी : जानु पऱ्यो, बिग्रेनी सच्याउँदै

किन हिँड्यौं विध्वंश मच्चाउँदै ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटा : दिनैसम्म दिइयौनी चोट

अर्को ज्यानलाई गरेर छनोट ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटी : जसर्लाइ पाउन तपस्या गरियो

उसले गर्दा खाडलमा परियो ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटा : हेर्दै गर्छु रुँदै दिन बिताउँदै

सधैँ तिम्रो भलो नै चिताउँदै ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

केटी : बगाएनी मायामा पसिना

बर्सी राख्यौं बनेर असिना ।[२]

कसलाई दिनु दोष

मलाई धोका दिएनी मायालु तिम्लाई राम्रै होस् ।[२]

❖❖❖

## २. के बिरा'को छु र ? (२०६५)

***स्वर*** *: राजन कार्की, देवी घर्ती*

***शब्द*** *: प्रेम सागर पौडेयल*

***लय*** *: राजन कार्की*

***उत्पादक*** *: रक्षा म्युजिक प्रा.लि*

केटा :- हे मेरो गल्ती नहुँदा केहीमा नी
भन्छ्यौ अरे एक नम्बर बेइमानी
के बिराको छु र मैले के बिराको छु र
दुई चार जना मान्छे भेटे काट्छ्यौ अरे कुरा ।[२]

केटी :- हे दिँदादिँदै सर्वस्व सुम्पेर
आफै गयौ मबाट उम्केर
के बिराकी छु र मैले के बिराकी छुर
दुई चार जना मान्छे भेटे काट्छौ अरे कुरा ।[२]

केटा :- हे भा'को भन्दा धेरै गफ दिन्छ्यौ
चरित्रार्थ देखाउँदै के हिँड्छ्यौ
के बिराको छु र मैले ...।[२]

केटी :- हे दुई जातीको सीमानै रहेन
मनको घाउ निको नै भएन
के बिराकी छु र मैले ...।[२]

केटा :- हे म कस्तो छु विस्तारै चिन
मेरै खोइरो खनेर नहिन
के बिराको छु र मैले ...।[२]

केटी :- हे गाह्रो हुन्छ म जस्तो भेटिन
केही लाग्दैन अस्तित्व भेटिन
के बिराकी छु र मैले ...।[२]

❖❖❖

## ३. धानको बाला (२०६५)

*स्वरः राजन कार्की, मञ्जु गुरुङ*

*शब्दः प्रेमसागर पौडेल, लय : राजन कार्की*

*उत्पादक : रक्षा म्यूजिक, काठमाडौं*

*धानको बाला झुल्ने बेला भो*
*छिट्टै घर फरकी आऊ प्यारा*
*छोराले बाउ भुल्ने बेला भो ।*
*गाउँघरतिर कस्तो भा होला*
*धुरुधुरु रोइहोलिन् प्यारी*
*छोराले बाऊ सम्झी रोहोला ।*

केटीः कति अझै परदेशी भएका हौ
काखमा छोरा छोडेर गएका हौ । [२]
धानको बाला झुल्ने बेला भो
छिट्टै घर फरकी आऊ प्यारा
छोराले बाउ भुल्ने बेला भो । [२]

केटाः त्यता तिमी बोल्छेऊ रुखो,
यता कमाई भाछैन एक सुको । [२]
गाउँघरतिर कस्तो भा होला
धुरुधुरु रोइहोलीन प्यारी
छोराले बाऊ सम्झी रोहोला । [२]

केटी : पैसा होइन ज्यान तिमी चाडै आऊ
बाटो हेरी टोलाउँछन् आमाबाऊ
धानको बाला झुल्ने बेला भो... । [२]
केटा : बीचमा तिमी छोराछोरी दुईटा छेऊ
कस्ती भइछौं फोटो नि पठाइदेऊ । [२]
गाउँघरतिर कस्तो भा होला... । [२]

केटीः सबका जोडी देखिन्छन् बाटोमा
आफ्ना भने परदेशी माटोमा । [२]
धानको बाला झुल्ने बेला भो... । [२]
केटा : भोको पेट पटुकी कसी
रुँदै हौली आँगनको डिल बसी ।
गाउँघरतिर कस्तो भा होला... । [२]

केटी : कता जाऊ म यो दुःख मेट्नलाई
माइती पनि आउँदैनन् भेट्नलाई ।[२]
धानको बाला झुल्ने बेला भो... ।[२]
केटा : जुनदिन आए म झोला बोकेर
गहभरि आँसुलाई रोकेर ।[२]
गाउँघरतिर कस्तो भा होला... ।[२]
छोरा : स्कूल ल्याउँछन् साथीका बाबाले
मलाई भने दिनदिनै आमाले ।[२]
के काम गर्दै हुनुहुन्छ नि
हजुरलाई नै सम्झेर ममी त
धुरुधुरु रुनुहुन्छ नि ।

केटा : बस्या होइन परदेशी बनेर
ज्ञानी छोरा बनाउला भनेर ।[२]
गाउँघरतिर कस्तो भा होला... ।[२]
केटीः हप्ता दिनमै आइदिए हुने हो
चाहिँदैन भो चोली र गुनियो ।२
धानको बाला झुल्ने बेला भो... ।[२]
केटा : नरोऊ प्यारी मन धान बरु
यस्तै रैछन गरीबका दिनहरू ।[२]
गाउँघरतिर कस्तो भा होला... ।[२]

केटी : सम्झी-सम्झी रुने काम मेरै भो
आउँछु भनेको धेरै भो ।[२]
धानको बाला झुल्ने बेला भो... ।[२]
केटा : बस्ने मन थियो सहरमा घर किनी
रित्तो हात कसरी फर्किनी ।
गाउँघरतिर कस्तो भा होला... ।[२]
केटीः छिटै घर फर्की आऊ प्यारा, छोराले बाऊ भुल्ने बेला भो ।[२]
केटा : धुरुधुरु रोइहोलीन प्यारी छोराले बाउ सम्झी रोहोला ।[२]

❖❖❖

## ४. आँसु नझार (२०६५)

*स्वरः राजन कार्की, विष्णु माझी*

*शब्द : प्रेमसागर पौड्याल, लयः राजन कार्की*

*उत्पादक, म्यूजिक नेपाल, काठमाडौं ।*

आँसु नझार भन्छौ पियारा आँसु नझार
भन्छौ प्यारा टाढा भएनि माया नमार ।
आँसु नझार मेरी पियारी आँसु नझार
सँगै बिताउँला जुनी हजार ।

केटी : हेऽऽऽ छोराछोरी बाबा खोइ भन्छन्,
दैलाको त्यो तस्वीरलाई झम्टन्छन् ।[२]
आँसु नझार भन्छौ पियारा आँसु नझार
भन्छौ प्यारा टाढा भएनि माया नमार ।[२]
केटा : हेऽऽऽ कान्छो छोरो खै कस्तो भाहोला
आजभोलि स्कूल नि गाहोला ।[२]
आँसु नझार मेरी पियारी आँसु नझार
सँगै बिताउँला जुनी हजार ।[२]

केटी : हेऽऽऽ न त माइती न त कोही छन् आडमा
शून्य लाग्छ चाड र बाडमा।[२]
आँसु नझार भन्छौ पियारा ... ।[२]
केटा : हेऽऽऽ पियारी तिम्ले नबनाउ सानो मन
तिमी रुँदा बालबच्चा रुन्छन् झन् ।[२]
आँसु नझार मेरी प्यारी ... ।[२]
केटी : हेऽऽऽ जब गाउँमा सुसाउछन् खोला
लाग्छ मलाई के गर्दै छौ होला ?[२]
आँसु नझार भन्छौ पियारा ... ।[२]
केटा : हेऽऽऽ के गरौं त सम्झना साह्रो भो
घर बसी ऋण तिर्नै गाह्रो भो ।[२]
आँसु नझार मेरी पियारी ... ।[२]

❖❖❖

## ५. जूनको शीतल छायाँ (२०६८)

***स्वर*** *: राजन कार्की, कृष्ण परियार*

***शब्द*** *: राजन कार्की*

***लय*** *: रमेश विजी*

***उत्पादक*** *: डिजिटल स्टार प्रा.लि पोखरा*

केटी :- जति सुन्दर त्यति नै महान् छौ
आफू रोइरोइ हँसाउन चाहन्छौ
जूनको शीतल छायाँ
(अरू मैले मागेकै के छुर केवल चोखो माया ।)[२]

केटा :- नसकुँला सुँन चाँदी किन्दिन
ज्यान वितारा पारेर हिँड्दिन
जूनको शीतल छायाँ
(अरू मैले मागेकै के दिन सक्छु र दिउला चोखो माया)[२]

केटी :- माया गर्ने आत्मलाई थाहा होला
मनको सामु धन ठूलो कहाँ होला
जूनको शीतल छायाँ ...।

केटा :- नआफन्त नआफ्नोपनमा छ
आजकल पापी संसारै धनमा छ
जूनको शीतल छायाँ ...।

केटी :- बस्ने छैन मनभन्दा बाहेक
तिम्री हुन छु भन्ने लाएक
जूनको शीतल छायाँ ...।

केटा :- तयार छु म मायाले पुज्न
दिने छैन आँखाको डिल रुज्न
जूनको शीतल छायाँ ...।

❖❖❖

## ६. केटीतिर ध्यान (२०७२)

*स्वर: राजन कार्की, निशा पोखरेल*

*शब्द: किसन बस्याल, लय : राजन कार्की*

*उत्पादक : प्राप्ति म्यूजिक ।*

केटी : चरी बस्यो रुखमा मौरी बस्यो फूलैमा
म परेर रन भुलैमा ।[२]

*बस नानीलाई देख्ने बित्तिकै मलाई एउटा रमाइलो घटनाको याद आयो*
*कुरो कहिलेको भन्दा हिजो बेलुकाको जस्तै*
*तर यस्तो झलरी भलरी थिइएन त*
*बा मेरो त खाली त्यही केटी तिर ध्यान*
*गैराखेको छ बहस केटी भन्ने बित्तिकै मलाई गीतको याद आयो ।*

केटा : पढाइको महत्व चिनियो, पढने बेला दादा भई हिँडियो
तिमीतिरै ध्यान, हे ईश्वर मेरो त तिमी तिरै ध्यान
साँचो माया पाएत सप्रिने थियो ज्यान
कोही छैन साथमा बाँकी जीवन तिम्रै हातमा ।[२]

केटी : बैश छँदै कसकोभर परम, हुन्छ मनमा के गरम के गरम
तिमी तिमै ध्यान, हे ईश्वर मेरो त तिमी तिरै ध्यान ...।[२]

केटा : कोहीलाई कुटे कसैलाई लुटियो, लभ नि पर्‍यो दुई दिन मै छुटियो
केटीतिर ध्यान हे ईश्वर मेरो त केटीतिरै ध्यान
बहस गुण्डागर्दी गरेर झण्डै गाथ्यो ज्यान
केही छैन साथमा बाँकी जीवन तिम्रै हातमा ।[२]

केटी : पढ्न गयो गफै मा भुलियो, लाली पाउडर फेशनमै झुलियो
पालरतिरै ध्यान, हे ईश्वर मेरो त पालर तिरै ध्यान
छोटो लुगा लाएर देखिएछ ज्यान
केही छैन साथमा बाँकी जीवन तिम्रै हातमा ।[२]

केटाः   नराम्रो काम पछाडि सर्ने हो, जे गर्नु छ उमेर मै गर्ने हो ।[२]

केटीतिरै ध्यान,  हे ईश्वर मेरो त केटीतिरै ध्यान...।[२]

केटी : साथी घोडा म चढैं धुरीमा, हिँडथे सधैं चुरी र फुरीमा ।[२]

नक्कलतिरै ध्यान, हे ईश्वर मेरो त नक्कल तिरै ध्यान

छोटो लुगा लाएर देखिएछ ज्यान

केही छैन साथमा बाँकी जीवन तिम्रै हातमा ।[२]

❖❖❖

## ७. डाली बसेको चरी (२०७३)

*स्वर: राजन कार्की, लक्ष्मी बराल*

*शब्द, लय: राजन कार्की*

*उत्पादक, रक्षा म्यूजिक, काठमाडौं ।*

*डाली बसेको चरी जान्छ कि भुरुरु उडेर*
*मुटुमा बसेको माया लान्छकि अर्काले चुँडेर ।*[२]

केटी : हेऽऽऽ जति माया माछीलाई पानीको
त्यती माया छ मेरी सानीको ।[२]
डाली बसेको चरी जान्छ कि भुरुरु उडेर
मुटुमा बसेको माया लान्छकि अर्काले चुडेर ।[२]

केटी : हेऽऽऽ मनमा तिमी, मुटुमा छौ तिमी
परान धान्ने ढुकढुकी हौ तिमी ।[२]
डालीमा बसेको चरी ...।[२]

केटा : हेऽऽऽ मेरो लागि मायालु सबै हौ
लाखौ पीडा बिसाउने दबाई हौ ।[२]
डालीमा बसेको चरी ...।[२]

केटी : हेऽऽऽ यति धेरै विश्वास र भर
तिम्रो जति कसको पो लाग्छ र ।[२]
डालीमा बसेको चरी ...।[२]

केटा : हेऽऽऽ मेरो सानु कसैले लगेए
कसम संसार छाडेर नगए ।[२]
डालीमा बसेको चरी ...।[२]

केटी : हेऽऽऽ सिन्दुर लाए तिम्रै हो लाउनी त
हो कि होइन बेहोर्न पाउनी त ।[२]
डालीमा बसेको चरी ...।[२] ❖❖❖

## ८. पुतली रेलैमा (२०७३)

*स्वरः राजन कार्की, घनश्याम रिजाल, सीता के.सी.*

*शब्द/लयः राजन कार्की, घनश्याम रिजाल*

*उत्पादक : .रक्षा म्यूजिक, काठमाडौं ।*

केटाः दाजुभाइ दुकुरे जन्त,
रत्यौलीमा भुल्या छ यो मन त ।[२]
दाइ गयो म जान पाइनँ
फूल भरेको पुतली रेलैमा ।[३]
केटीः भाइ गयो फूलमाला ढल्काउँदै,
ल्याउँछ दुलही दोसल्ला टल्काउँदै । [२]
दाइ गयो म जान पाइनँ
फूल भरेको पुतली रेलैमा ।[३]

केटाः हाम्रो भाइ सुनैको टुकुरो,
दुलही लिन भनेर दुकुरो ।[२]
दाइ गयो ... ।[३]
केटीः सरर काटेको बत्ती
कस्ती होली बाबुकी श्रीमती ।[२]
दाइ गयो ... ।[३]

केटाः आमाले धान सुकाउ मान्द्रामा
छोरो सूर्य, बुहारी चन्द्रमा ।[२]
दाइ गयो ... ।[३]
केटीः सलल बगेको खोली
यता रमाइलो उता दुलही रोइहोली ।[२]
दाइ गयो ... ।[३]
अझै पनि पुगेन धोका

रातो डोली बाबुले त्यहीँ रोक ।[२]
दाइ गयो ... ।[३]

केटाः पोखरामा किनेको ऐना
रुँदै पछि लागे होलान् भाइबहिना ।[२]
दाइ गयो ... ।[३]

केटी : देऊ आमा बालेर बत्ति
हेर्नु पऱ्यो बाबुको श्रीमती ।[२]
दाइ गयो ... ।[३]

केटा : मेरी माया नझार आँसु
आमा भन्दा गतिली छन् सासु।[२]
दाइ गयो ... ।[३]

केटीः आमाले सारेको फूल
नानीले कहिले नी नभुल ।[२]
दाइ गयो ... ।[३]

केटाः यही हो नानी जुग जाने घर
राम्रो गर सबैको मन पर ।[२]
दाइ गयो ... ।[३]

केटीः एक चिम्टी सिन्दुरले गर्दा
बाउले जुठो बार्दैनन् म मर्दा ।[२]
दाइ गयो ... ।[३]

केटाः रत्यौली गाइयो नी रमार
भित्र्याउ आमा दाहिने हात समार ।[२]
दाइ गयो ... ।[३]

❖❖❖

## ९. मेरी आमा आउँदिनन् फर्केर (२०७४)

*स्वरः राजन कार्की*

*शब्द लयः तारानाथ आचार्य, गणेश जि.सी.*

*उत्पादक : .रक्षा म्यूजिक, काठमाडौं ।*

सानो हुँदा हुर्कायौ नी पछ्यौरीले बेरी
दिन रात रुन्छु आमा तिम्रै फोटो हेरी
सधैँ देख्छु सपनीमा चाडवाड मात्र आएको
आमा तिमीले काखमा बोकी मामा घर लएको ।[२]

जति सम्झि रोएनी धर्केर
मेरी आमा आउँदिनन् फर्केर ।[२]
म सातको हुँदाखेरी बाबा स्वर्गीय हुनुभयो
मलाई काखमा च्यापीच्यापी आमा कति रुनुभयो
दश रूपैयाँ ऋण माग्दा नी गाउँलेनी ऋण दिएनन्
दाजुभाइ भनाउँदाले एउटा टालो किन दिएनन्
शून्य लाग्छ चाडवाडमा
मेरी आमा नहुँदा आडमा ।[३]

दाइको पनि बिहे भयो भाउजु सँगै गए
केहीको पनि कमी हुनी थिएन आमा तिमी भए
दिदीबहिनी बिहे गरेर पराइ घर गए
मेरा मनका इच्छा जति मनै भित्र रहे
जीवनभरि रहनी भो धोको
कुनै यस्तो दिन छैन नरोको ।[३]

❖❖❖

## १०. नरोइ-नरोइ जानु (२०७४)

*स्वरः राजन कार्की, अमृता नेपाली*
*शब्द : समुन्द्र क्षत्री, लयः राजन कार्की*
*उत्पादक, आचार्य डिजिटल, पोखरा ।*

*नरोइ-नरोइ जानु*[३]
*म त तिम्रो भइन सानु*
*नरोइ-नरोइ जानु* [३] *।*
*नरोइ-नरोइ जानु*[३]
*आफूँ रुँदै तिमीलाई रुवाउँदै*
*म कसरी जानु* [३] *।*

केटा : हेऽऽऽ नभने है यसरी भन्यो
सानु तिमीलाई सम्झेसी गीत बन्यो ।[२]
नरोइ-नरोइ जानु[३]
म त तिम्रो भइन सानु
नरोइ-नरोइ जानु...।[३]
केटी : हेऽऽऽ गाउँदै बस विरहका गीत
सबै नाता टुटायौ मसित ।
नरोइ-नरोइ जानु...।[३]

केटा : हेऽऽऽ कहाँ फर्केर आउछ बगरेको खोला है
अब भेट हुँदैन होला है ।[२]
नरोइ-नरोइ जानु...।[३]
केटी : हेऽऽऽ बाध्यतामा परेर मैले
तिम्री परान बनेर नहिने ।[२]
नरोइ-नरोइ जानु...।[३]

केटा : हेऽऽऽ सधैं खुसी भइरहनु सानु
तिमीबाट भएनी बिरानु ।[२]
नरोइ-नरोइ जानु...।[३]
केटी : हेऽऽऽ सपनीमा झलीको आए
त्यही बेलामा सिरानी पल्टाए ।[२]
नरोइ-नरोइ जानु...।[३]

❖❖❖

## ११. बुद्ध खेल्ने आँगन मेरो (२०७४)

*स्वरः राजन कार्की*

*शब्द विष्णु पौडेल निरिस, लय : राजन कार्की*

*उत्पादक : रक्षा म्यूजिक, काठमाडौं ।*

*बुद्ध खेल्ने आँगन मेरो सगरमाथा शिर*
*नेपालको छोरो हजुर गोर्खाली हुँ वीर ।*[२]

मुस्कुराउँदा हिउको रास पहाड हासिदिन्छ
तराईले न्यानो फूलको माया गाँसी दिन्छ ।[२]
चन्द्र सूर्य प्राण मेरो छैन रती पीर
नेपालीको छोरो हजुर गोर्खाली हुँ वीर ।[२]

कोइलीको कुँहुकुँहु छङ्गछङ्ग बग्ने खोला
मेरो जस्तो मनोरम् गाउँ कुन स्वर्गमा होला ।[२]
सुन झुल्ने लेक वैँसी गुराँस फूल्ने भीर
नेपालका छोरो हजुर गोर्खाली हुँ वीर ।[२]

❖❖❖

## १२. उजेलो भएको छैन (पुतली रेलैमा-२) (२०७४)

*स्वर: राजन कार्की, पार्वती जिसी, सन्तोष अधिकारी*

*शब्द: घनश्याम रिजाल, लय : राजन कार्की*

*उत्पादक : रक्षा म्यूजिक, काठमाडौं ।*

*उजेलो भएको छैन*
*झु'कायो जून पापी छायाँले*
*यतै बसम् भनेको मैले*
*जाम-जाम भन्यो निष्ठुरी मायाले ।*

केटा : हेऽऽऽ झझल्को ला'को भेट हुन पो यादैले सताएर
माया यादैले सताएर ।[२]
तिमीलाई भने भेटेपछि छुट्नै हतार ।
माया छुट्नै हतार ।
*उजेलो भएको छैन ... ।*[२]

केटी : हेऽऽऽ मायालाई देखेसी दिलमा नाम लेखे
बोलेर बसियो, माया बोलेर बसियो
छुट्नी बेला नगर हेला झन् माया कसियो,
झन् माया कसियो ।
*उजेलो भएको छैन ... ।*[२]

केटा : हेऽऽऽ माया छ गाढा, नसोँच टाढा
काखैमा राखौंला, माया काखैमा राखौंला
कसैले देख्ला, मुल बाटो छेक्ला
आँखैमा राखौंला माया आँखैमा राखौंला
*उजेलो भएको छैन ... ।*[२]

केटी : हेऽऽऽ मायालुसँग भेट हुन भनी
भनिन् दिनरात, माया भनिन दिनरात
आउछु बल्ल पो पाछु

मायाको न्यानो साथ ।

*उजेलो भएको छैन ... ।*[२]

केटा : हेऽऽऽ जुनेली रात मायाको साथ ताराले

देखेनी माया ताराले,

यो चोखो माया केही हुने छैन साराले

देखेनी माया साराले

*उज्यालो भएकै छैन... ।*[२]

केटी : हेऽऽऽ भोलि त सानु पर्ने छ जानु भालेको डाकैमा

माया भालेको डाकैमा,

लिएर जाम्ला मुटुमा माया झलल आँखैमा,

माया झलल आँखैमा ।

*उज्यालो भएकै छैन... ।*[२]

केटा : हेऽऽऽ ध्रुवतारा है उदाउँदै आए तीन तारा डाँडैमा

माया तीन तारा डाँडैमा

अझै नी एकछिन बसन मन ला'छ

सानुको आडैमा, माया सानुको आँडैमा ।

*उज्यालो भएकै छैन... ।*[२]

केटी : हेऽऽऽ पछ्यौरी राम्रो उनीको भन्छन् ढाकाको चोली

हेमाया ढाकाको चोली हो

दिनु र खानु के छ र माया

यही मीठो बोली हो, माया यही मीठो बोली हो ।

*उज्यालो भएकै छैन... ।*[२]

❖❖❖

## १३. मायालुको डाँडैमा घर (२०७४)

*स्वर : राजन कार्की, सुनिता नेपाली*

*शब्द : प्रेम सागर पौड्याल, लय : राजन कार्की*

*उत्पादक : रक्षा म्युजिक प्रा.लि*

केटा :- कति भन्छ्यौ भेटौला काले
भेट्ने मेसो मिलाउन मायाले
डाँडैमा घर, अन्तै माया लाएकी छौ
छैनौ भने भेट हुने गर भटौला काले
भेट्ने मेसो मिलाउन मायाले
मायालुको डाँडैमा घर अन्तै माया लाएकी छौकी
छैनौ भने भेट हुने गर ओइ छैनौ भने भेट हुने गर

केटी :- मेरो पीडा बुझ्नेनौ काले
देखिन भने मार्छिन् नि आमाले
मायालुको डाँडैमा घर अन्तै माया लाएकी छौकी
छैनौ भने भेट हुने गर, बुझ्नेनौ काले
देखिन भने मार्छिन् नि आमाल
मायालुको डाँडैमा घर अन्तै माया लाएका छौकी
छैनौ भने भेट हुने गर हे छैनौ भने भेट हुने गर

केटा :- आउँछु भनछेऊ सारदिन्छ्यौ भाका
मैले सपना सजाथिए जेभाका
मायालुको डाँडैमा घर ......

केटी :- मलाई पनि भेट्न मन ला'छ
मेरो मर्का तिम्लाई त के था'छ
मायालुको डाँडैमा घर .......

केटा :- शङ्का लाग्यो रोज्यौकी अरू
चरी जस्तै मन उड्छ भुरुरु
मायालुको डाँडैमा घर ......

केटी :- तिमी बाहेक रोज्दिन अरू
तिम्रा लागि भन म के गरु
मायालुको डाँडैमा घर .......

## १४. खोलीमा माछी (२०७५)

*स्वरः राजन कार्की, लक्ष्मी नेपाली र पूर्णकला बी.सी*

*शब्द/लयः राजन कार्की*

*उत्पादक : राजन कार्की अफिसीयल यूटचूब च्यानल ।*

*खोलीमा खेलेको माछी तिरैमा चरी छ कोकाले*
*सानुलाई नै भेट्न आ'को मायाकै तिर्सना भोकाले ।[२]*

केटा : वनमा बस्ने वनकी चरी, मनमा मनकी चरी
तिम्रो माया यो मुटुको बस्यो वरीपरि ।[२]
खोलीमा खेलेको माछी तिरैमा चरी छ कोकाले
सानुलाई नै भेट्न आ'को मायाकै तिर्सना भोकाले ।[२]
केटी : तिम्रो मेरो मुटु भयो माया राख्ने झोला
मोहोनी नै लाग्यौ माया कसो गर्ने होला ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]

केटा : मकै पिसने घट्टा भन्छन् धान कुट्ने ढिकी
कलेजी नै दिऊ झैं लाग्छ माया तिमीलाई झिकी ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]
केटी : तिम्ले दिएको बैना रुमाल बसी राछु हेरी
अतियार लाउँछ माया टाढा हुँदा खेरी ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]

केटा : जूनजस्ती मेरी माया हेरी रौं झैलाउँछ
भेटेपछि अंगालोमा बेरी रौ झैंलाउँछ ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]
केटी : यो मुटुको धड्कनले नी उसकै होस् त भन्छ
तिमी माछी यो ज्यान पानी भई बसन मन छ ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]
केटा : हिजोदेखि आजसम्म तिम्रै आश छ सानु
मेरो दिलको दरबार भित्र तिम्रै बास छ सानु ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]
केटी : मनको थैली फुकाएर राखी सके मैले
मेरो दिलको बसाइँ सर्न डाकी सके मैले ।[२]
खोलीमा खेलेको माछी तिरैमा ...।[२]

❖❖❖

## १५. पान खायो मायाले (२०७५)

*स्वरः राजन कार्की, मेलिना राई*

*शब्द : शर्मिला तामाङ्ग, लयः सागर लामा*

*उत्पादक : गोर्खा चौतारी म्यूजिक, काठमाडौं ।*

*पान खायो मायाले चुना हालेर*
*ज्यान खायो मायाले टुना हालेर ।*

केटा- हे चन्द्र जस्तै मुहार तिम्रो रूपै झलमल ।[२]
माया तिम्लाई देखेपछि हुन्छ अल्लमल्ल
पान खायो मायाले चुना हालेर
ज्यान खायो मायाले टुना हालेर ।[२]

केटी- हे वनमा फुल्ने वनै फूल खेतमा फुल्ने तोरी ।[२]
मुखियाकी नातिनि हुम जिमवाल बाउकी छोरी
पान खायो मायाले चुना हालेर
ज्यान खायो मायाले टुना हालेर ।[२]

केटा- हे माथि पऱ्यो स्याङ्जा बजार तल आँधीखोला
यति माया गर्दा गर्दै छुटे के चाल होला ।
पान खायो मायाले चुना हालेर ... ।[२]

केटी- हे सीम खेतलाई सिम्मसिम्म पानी टारी खेतलाई कुलो
मलाई मेरै मायालुको माया नै हो ठूलो [२]
पान खायो मायाले चुना हालेर ... ।[२]

केटा- हे मलाई यति प्यारो लाग्छ सानु तिम्रै छाँया[२]
जति टाढा उति गाढा हुँदो रहेछ माया
पान खायो मायाले चुना हालेर ... ।[२]

केटी- हे माछी बस्ने खोली भित्र तिमी दिलको कुना
हाँसी हाँसी लगायौनी तिम्ले टुना मुना

पान खायो मायाले चुना हालेर ... ।[२]

केटा- हे दिलको ढोका बन गरेर राखीसके मैले
तिम्रो शिरमा सिन्दुर भर्ने भन सानु कैले
पान खायो मायाले चुना हालेर ... ।[२]

केटी- हे बा, आमा छन् सँगै साथमा छन् नी संगीसाथी [२]
तिम्रै माया लाग्छ मलाई सबै भन्दा माथि
पान खायो मायाले चुना हालेर ... ।[२]

केटा- हे चन्द्र जस्तै मुहार तिम्रो रूपै झलमल [२]
माया तिम्लाई देखेपछि हुन्छु अलमल
पान खायो मायाले चुना हालेर ... ।[२]

❖❖❖

## १६. आइन बैनी नभन दाजै (२०७५)

*स्वरः राजन कार्की र लक्ष्मी बराल*

*शब्द : राजेन्द्र ढकाल, लय : घनश्याम तिवारी*

*उत्पादक : आशिष म्युजिक प्रा.लि ।*

दाजु : हे बसेकी हौली दाइ लिन आउने, दिनहरू गनेर
कि रुदै छौकी माइतीले माया मारेकी भनेर
आउँदिन नभन होइ बहिनी, माइतैमै हुन्छ नी होइ
दुःख सुख यतै गफ गरमला लिन आउँछु दर खाने होइ
दिनसम्म [२]
हाओइ लिन आउँछु दर खाने दिनसम्म

बहिनी : हे रुमाललै बन्ने ऊनीको धागो घुमायो चर्खाले
माइतीको घरमा जानलाई रोक्यो अहिलेको बर्खाले
आइन बैनी नभन दाजै सकिन बर्खाभेल होइ तरन
दुःख परे कहाँ जानु छ र उही त होनी माइतीको शरण[२]
हा, उहीत हो नी माइतीको शरण

दाजु : हे बाबाले भन्छन् अहिलेनी छोरी आउँछे की आउँदिन
बिरामी छु म अर्को साल देख्न पाउँछे की पाउँदिन
आउदिन न भन होइ बहिनी, माइतैमै हुन्छ नी रमझम
दुःख सुख यतै गफ गरमला लिन आउँछु दर खाने होइ
दिनसम्म [२]
हाओइ लिन आउँछु दर खाने दिनसम्म

बहिनी : हे दाजु भाइ जस्ता भाउजु बुहारी नहुने रैछन् नी
आमा छोडी गएसी माइती विरानै भा'छ नी
आइन बहिनी नभन दाजै सकिन बर्खाभेल होइ तरन
दुःख परे कहाँ जानु छ र उही त हो नी माइतीको शरण
हा उही त हो नी माइतीको शरण ।

दाजुः  हे घर मुनिको निगाले डाली नुगायो चरीले
कति चेलीलाई रुवाउँदै होला साउने झरीले
आउदिन न भन होइ बहिनी, माइतैमै हुन्छ नी रमझम
दुःख सुख यतै गफ गरमला लिन आउँछु दर खाने होइ
दिनसम्म । [२]

बहिनीः हे उलिएर आयो खहरे भेल बगायो पुल पनि
माइतीको यादले सुकेका छैन आँसुका मुलपनि ।
आइन बहिनी नभन... ।

दाजु :  हे सुनसान भयो माइतीको आँगन अघिल्लो वर्ष नि
लिनलाई बरु मै आउछु बहिनी आउन त पर्छ नि ।
आउदिन न भन होइ बहिनी... ।

बहिनी :हे हिजो देखिका भोका गाईवस्तु गोठमा घास छैन
एक्लो घरकी एकसरी मान्छे कसैको आस छैन ।
आइन बहिनी नभन... ।

## १७. देउसी रे (२०७५)

स्वरः राजन कार्की, दीपक वि.क, सोहन तामाङ्ग

*शब्द :* राजन कार्की र दीपक वि.क.

लय : राजन कार्की

*उत्पादक : म्यूजिक नेपाल ।*

वर्ष र दिनको महान् चाड देउसी रे
घुमदै र फिरदै आइपुग्यौ हामी देउसी रे
हजुरैको दरबारमा देउसी रे
साथी संगी साथै रमाइलो गर्न देउसी रे
औंसीको रात लड्दै र पड्दै देउसी रे
वर्ष र दिनको चार्डपर्व मान देउसी रे
हे मेरा भाइ हो देउसी रे भन देउसी रे
खोलेर मन स्वर मिलाइकन देउसी रे
खेल्दै आयौं देउसी र भैलो
खोज्दै आयौ हजुरको घर दैलो
बाटो कति अधेरी रात
देउसी खेलौ साथी भाइ साथसाथ[२]

घर भेटी बाबा घर भेटी आमा देउसी रे
घरको दैलो उगारी हेर्नु होस् देउसी रे
हजुरको घरमा देउसी आयौ देउसी रे
पिढी र आगन उज्यालो पार्नुहोस् देउसी रे
हामी है त्यसै आएका होइनौ देउसी रे
बली राजाको हुकुमै हुँदा देउसी रे
हे मेरा भाइ हो यो रीमझीम साँझ देउसी रे
देउसी रे भन नमानी लाज देउसी रे
आयौ हामी हजुरको घर
देउसी र भैलो खेल्नेको लहर
देउसी भैली गाउने सहर
नाच्ने गाउने सबैलाई रहर[२]
नाङ्गोलो है माथि दियो बत्ती बाली देउसी रे
ल्याउनु भो भाइ हो सबै सगाली देउसी रे
खउला है भाइ हो मिलेर खाउला देउसी रे
न्मान लाज मै मागी लिउला देउसी रे
कार्तिकको दान देउसीले लान देउसी रे

घर भेटी बाबाको मनकारी मन देउसी रे
भन्दै छन् भाइ हो केही होइन धन देउसी रे
घर भेटी आमैको ठूली छ है मन देउसी रे
झिली मिली दियो है बत्ती बारी भरी फूलेको
सयपत्री देउसी भैलो मादलुको रन्को
घरभेटी बा नाचौन एक फन्को[२]
झिली मिली साँझ सबैको माझ
नाचौला संगी नमानी लाज
देउसी भैलो आगनी दैलो
दुःख भुली गरौला रमाइलो
नाङ्लो है माथि चुरचुरे हात्ती देउसी रे
बसेको हेर्न मन छ है साथी देउसी रे
हे मेरा भाइ हो देउसी रे भन देउसी रे
लाहुरे दाजैको ठूलो छ मन देउसी रे
आइन है भाइ हो लाहुरीनी भाउजु देउसी रे
भन है मेरा भाइ हो देउसी भन देउसी रे
नलजाई भन स्वर मिलाइकन देउसी रे
आकशै मा त्यो कालो बादल
पैसा मागी ले भन्छ मादल
लाहुरे दाइको पल्टने बोली हाल्छन्
पैसा लौ भाइ हो दिल खोली हाल्दछन[२]
नाङ्लो है माथि अक्षतापाती देउसी रे
आशीषै दिई विदा हौ साथी देउसी रे
यसै घरमा लक्ष्मीले देउसी रे
सधै भरी बासै गरुन् देउसी रे
सुख र शान्ति मनमै रहोस् देउसी रे
सन्तानले डाँडाकाँडै है ढाकुन देउसी रे
ढुङ्गो माटो छुँदा सुन भइ जाउन देउसी रे
आटेका कुरा पूरा भइ जाउन देउसी रे
लक्ष्मीको यही घरमा बास होस्
फलोस् फुलोस् रिस राग नराख
आगुम साल फर्केर आउला यसै गरी रमाइलो गरौला[२]
मखमली फूल फुलेछ रातै गोदाबारी सयपत्री साथसाथै
फूलको माला उनेर झपक्क लाइदेउ चेली गलामा छपक्क[२]।

## १८. रोदी गाउन आउनु है (२०७५)

*स्वर : राजन कार्की विष्णु माझी*
*शब्द : पदमराज सिग्देल, विष्णु सिग्देल, लय : वसन्त थापा*
*उत्पादक : राजन कार्की युट्युब च्यानल*

केटी :- (साँझ परेसी)[२] भेटिन्थ्यो रोदीमा
तिमी मेरो म तिम्रो खोजीमा
के छ मोरी लानु, रोदी गाउन आउनु है निर्माया
स्याङ्जाको मग्याम चिसापानी
साँझ परेसी भेटीन थियो रोदीमा तिमी
तिमी मेरो म तिम्रो ........
केटा :- (साल डाँडाको)[२] चिसो पानीमा
तिम्लाई देख्छु आँखाको नानीमा
के छ मोरी लाने, रोदी गाउन आउनु है निरमाया
मग्याम चिसापानी साल डाँडाको यो चिसो पानीमा
तिमीलाई देख्छु आँखाको नानीमा
के छ मोरी लाने, रोदी गाउन आउनु है निर्माया
स्याङ्जाको मग्यामा चिसो हा रोदी गाउन आउनु है
निर्माया स्याङ्जाको मग्याम चिसापानीमा
केटी :- (साल डाँडाको)[२] सालैको पातैमा
तिमीलाई देख्छु दिनै र रातैमा
के छ मोरी लाने, ........
केटा :- (आज टाढा)[२] भा'को हो दुरीले
उडाउँछ कि बुनेको जाल हुरीले
के छ मोरी लाने, .......
केटी :- (थाहा रह थियो)[२] तिमी र म भेट्ने ठाउँ
मन भरिका सुख र दुःख मेट्ने ठाउँ
के छ मोरी लाने, ........
केटा :- (आँधीखोला)[२] मै जाँदा तरी
कति कुरा खेल्लान यो मन भरी
के छ मोरी लाने, .......
केटी :- (सानु तिम्लाई)[२] पारदिन पिरमा
खाथ्यौं कसम शिवजीको मन्दिरमा
के छ मोरी लाने, ........
केटा :- (तिमी विना)[२] मेरो के हाल हुन्छ
पानी विना माछीको चाल हुन्छ
के छ मोरी लाने, .......

# १९. टलक्कै टल्केको सारी (२०७५)

*स्वर: राजन कार्की, माया गुरुङ*

*शब्द: राजन कार्की, लय : घनश्याम रिजाल*

*उत्पादक : मालश्री रेकर्डिङ, काठमाडौं ।*

केटा : होइ नाच माया सबको मेख मारेर,
फरियालाई फरर पारेर ।[२]
टलक्कै टल्केको सारी
झलक्कै झल्कियो ज्यान भरी ।[३]
केटी : होइ नाचम् माया नजिकै सरेर
भूइँको धुलो उडाउने गरेर ।[२]
टलक्कै टल्केको सारी
झलक्कै झल्कियो ज्यान भरी ।[३]

केटाः होइ छपक्कै बलेकी माया छपक्कै देखियो जवानी ।[२]
टलक्कै टल्केको सारी झलक्कै झलकियो ज्यानभरी ।[३]
केटी : होइ जवानी बढेर आयो,
आफैँ भन्दै हिँड्न नि लाज लायो ।[२]
टलक्कै टल्केको सारी झलक्कै झलकियो ज्यानभरी ।[३]

केटाः होइ मायाको बाढुली कमर
देखनेले भन्छन् नी एक नम्बर ।[२]
टलक्कै टल्केको सारी झलक्कै झलकियो ज्यानभरी ।[३]
केटीः होइ कमर हर्दै दिलमा नाम लेख्यौ
मायाले अरू के कम देख्यौं ।[२]
टलक्कै टल्केको सारी झलक्कै झलकियो ज्यानभरी ।[३]

केटा : होइ सीतारा झरेको साती वितारा नपारेए मायालु
सीतारा भरेको सारी बितारा नपारेए मायालु
टलक्कै टल्केको सारी ... ।[३]
केटीः होइ छोडेर मै जाने छैन
दिन भित्र बसेको मायालाई
टलक्कै टल्केको सारी झलक्कै झलकियो ज्यानभरी ।[३]

❖❖❖

## २० वारी दरौं (२०७५)

*स्वर : राजन कार्की, सीता केसी*

*शब्द/लय : दिनेश गुरुङ*

*उत्पादक : सीता केसी युट्युब च्यानल*

हाऽऽऽऽऽऽ आँधी है खोला काफलु पाक्यो सालैजो,
चरीले चाखेको, रिले चाखेको ।[३]
गीतैमा गाउन सिपालु छैन सालैजो,
बचनै राखेको, चनै राखेको ।[२]
सुपारी काँचो ख्याल हैन साचो सालैजो
बचनै राखेको, चनै राखेको ।[२]
हाऽऽऽऽ वारी दरौं पारी छ आँधी,
अहिलेसम्म काँ बस्यौ मन बाधी ।[३]

हाऽऽऽऽऽऽ हेर्दामा राम्रो दरौं सिरुबारी सालैजो
पारी स्याङ्जा बजार ।[३]
मनैले खाने मायालु पाए सालैजो
राख्थे दिलमा सजार ।[२]
सुपारी काँचो ख्याल हैन साचो सालैजो
राख्थे दिलमा सजार ।[२]
हाऽऽऽऽऽऽ फूलबारीमा फूल हुन्छन् हजार,
गुलाफतिरै जान्छनि नजर ।[३]

हाऽऽऽऽऽऽ  आँधी है वारी आँधी है पारी सालैजो
कल्ले तार्‍यो तोरन ।[३]
मुसुक्क हाँसी गयौ नि माया सालैजो
सिपालु मन चोरन ।[२]
सुपारी काँचो ख्याल हैन साचो सालैजो

सिपालु मन चोरन ।[२]
हाऽऽऽऽऽऽऽ लायो-लायो मोहनी लायो
आँधीखोले मायाले ज्यान खायो ।[३]

हाऽऽऽऽऽऽऽ दरीमै खोला असला माछा सालैजो
किनी खाम्ला दामैले ।[३]
कि आउला माया पानी खाने निउले सालैजो
कि त आउँला कामैले ।[२]
सुपारी काँचो ख्याल हैन साचो सालैजो
कि त आउँला कामैले ।[२]
हाऽऽऽऽऽऽऽ अब चरी बिऊ खान पस्यो
तिम्रो हाम्रो ख्याल-ख्याल मै दिल बस्यो ।[३]

❖❖❖

# परिशिष्ट : २

# राजन कार्कीसँगको अन्तर्वार्ता

**१. यहाँको पारिवारिक पृष्ठभूमिसहित परिचय बताइदिनु हुन्छ कि ?**

- मेरो घर स्याङ्जा जिल्ला आँधिखोला गाउँपालिका-३, विचारीचौतारा हो । हाल नदीपुर-३, पोखरामा बस्दछु । मेरो जन्म २०४४ मंसिर १६ गते भएको हो । मेरा परिवारमा आमाबुबा, एक दाजु, दुई दिदी, एक श्रीमती र एक छोरी छन् । पारिवारिक वातावरण सङ्गीतमय छ ।

**२. यहाँको शैक्षिक पृष्ठभूमि बताइदिनु हुन्छ कि ?**

- मैले १ देखि १० कक्षासम्मको अध्ययन स्याङ्जाको आँधिखोला गाउँपालिका ३ को स्याङ्जा राष्ट्रिय मा.वि.मा गरे । २०५९ सालमा एस.एल.सी उत्तीण भई २०६० सालमा उच्च शिक्षाका लागि पृथ्वीनारायण क्याम्पसबाट अध्ययनलाई अगाडि बढाई सोही क्याम्पसबाट स्नातकोत्तर पास गरेको छु ।

**३. बाल्यकालमा बिताएका गीतसङ्गीत सम्बन्धी कुनै अविस्मरणीय क्षणका बारेमा बताइदिनु हुन्छ कि ?**

- म बाल्यकालदेखि नै गीत गाउने गर्दथे । बाल्यकालमा स्कुल पढ्दा न्याउली चरी रोयो वनमा भन्ने गीत गाउँदा सम्पूर्णले मन पराएको र स्कुलस्तरीय प्रतियोगितामा सहभागी बनेर पुरस्कार हात पारेको थिएँ । अविष्मरणीय क्षणको रूपमा यो क्षणलाई सम्झन्छु कि, जुन बेला २०६३ सालमा पी.एन. क्याम्पसमा खुला लोकगीतमा भाग लिएर आफ्नो टिमले सफलता हासिल गरेको थियो ।

**४. यहाँको गायन यात्राको औपचारिक प्रारम्भ कहिलेदेखि भयो ?**

- मैले २०६४ सालमा कसलाई दिनु दोष गीत रेकर्ड गरेर आफ्नो गायन यात्राको औपचारिक प्रारम्भ गरेको हुँ ।

**५. यस क्षेत्रमा लाग्न यहाँ आफ्नो प्रेरणाको स्रोत कसलाई मान्नु हुन्छ ?**

- पहिलो कुरा आफ्नो घर परिवारको सहयोग अग्रज कलाकारका गीतहरू नै मेरा प्रेरणाका श्रोत हुन् ।

**६. हालसम्म कतिवटा गीत रेकर्ड गराउनु भयो ?**

- हालसम्म आफ्नो लगानीमा १० ओटा र लगानीकर्ताको विश्वासले गर्दा ६० बढी गीतमा आवाज दिइसकेको छु ।

**७. साङ्गीतिक क्षेत्रमा यहाँ कसलाई आदर्श पात्र मान्नुहुन्छ ?**

- लोक गायक विष्णु खत्रीलाई म साङ्गीतिक क्षेत्रमा आफ्नो आदर्शको पात्र मान्दछु ।

**८. यहाँलाई मन पर्ने अन्य गायक गायिकाको नाम लिनुपर्दा क-कसको नाम लिनुहुन्छ ?**

- मलाई मनपर्ने गायकगायिकामा विष्णु खत्री, बिमाकुमारी दुरा, लक्ष्मी न्यौपाने र विष्णु माझी हुन् ।

**९. साङ्गीतिक कार्यक्रमको सिलसिलामा यहाँ देश बाहिर कहासम्म पुग्नु भएको छ ?**

- दुबई, कतार, बहराइन, जापानलगायतका देशमा पुगेको छु ।

**१०. गीतसङ्गीत क्षेत्रमा देखिएका विकृति हटाउन के गर्नुपर्छ जस्तो लाग्छ ?**

- पहिलो कुरा सिर्जना गर्दा सर्जकले ध्यान दिनुपर्छ । गाउने गायकले पनि ध्यान दिनुपर्छ । प्रसारण गर्ने मिडियाले पनि ध्यान पुऱ्याउनुका साथै पत्रपत्रिकामा लेख्नेले पनि ध्यान दिनुपर्छ । त्यस्तैगरी राष्ट्रिय लोकदोहोरी गीत प्रतिष्ठानले पनि गीतको छनोट र संस्थामा संलग्न कलाकारको गीतसंगीतमा ध्यान दिन सके मात्र लोकगीत सङ्गीतका क्षेत्रमा देखिएको विकृति र विसङ्गतिलाई हटाउन सकिन्छ ।

**११. यहाँले गाउनु भएका गीतले समाज परिवर्तनका लागि कस्तो भूमिका खेलेका छन् जस्तो लाग्छ ?**

- मैले प्रायः गरी समय सान्दर्भीक गीत गाउने गर्छु । सामाजिक यथार्थतापरक र चेतनामूलक माया प्रेमलाई बढी मात्रामा गीत सङ्गीतको माध्यमबाट सन्देश प्रवाह गर्ने गरेको छु त्यसकारण पनि समाज परिवर्तनका लागि मेरा गीत केही न केही सहयोगी बनेका छन् जस्तो लाग्छ ।

**१२. अन्त्यमा लोकदोहोरी क्षेत्रमा लाग्न चाहने नयाँ पुस्तालाई के भन्न चाहनुहुन्छ ?**

- अहिले पछिल्लो क्रममा लोक सङ्गीतको क्षेत्रमा कुनै पनि मुनाफा नहुने अवस्थामा छ । कलाकारिता मारमा हुनुका सानै मेला महोत्सवमा ठेक्कापट्टा, नातावाद कृपावादले गर्दा नयाँ प्रतिभा ओझेलमा पर्ने भएकाले यो क्षेत्रमा लागेर बाँच्न सक्छु या सक्दिन भन्ने राम्रोसँग बुझेर मात्रै प्रवेश गर्न आग्रह गर्न चाहन्छु ।

# सन्दर्भ सूची


आचार्य, कृष्णप्रसाद (२०७१), **लोकसाहित्य पूर्व आधुनिक नेपाली साहित्य र आधुनिक निबन्ध,** कीर्तिपुर : क्षितिज प्रकाशन ।

कार्की, राजन (२०७५), **पान खायो मायाले** (गीतिएल्बम) काठमाडौं : गोरखा चौतारी म्यूजिक प्रा.लि

......... (२०६५), **छोराले बाउ भुल्ने बेला भो** (गीति एल्बम) काठमाडौं : चौतारी म्यूजिक प्रा.लि. ।

के.सी, एलिना (२०७५), **घर आँगन** हिमालयन टेलिभिजन, (चैत्र १५ गते, शुक्रबार) ।

गोदार, दुर्गाबहादुर (२०७०) **चोलेन्द्र पौडेलले गाएका गीतहरूको अध्ययन**, त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

न्यौपाने, कुसुमाकार (२०७०), **नेपाली लोकगीत** पोखरा : फिस्टेल पब्लिकेशन प्रा.लि. ।

पहारी, मीना (२०७३) **कृष्ण सुवेदीका गीतको सङ्कलन र अध्ययन**, त्रिभुवन विश्वविद्यालय पृथ्वीनारायण क्याम्पस स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

बन्धु, चूडामणि (२०५८), **नेपाली लोकसाहित्य**, काठमाडौं : एकता बुक्स प्रा.लि. ।

लोहनी, लक्ष्मण (२०२२), **रोदिघर** (दो.सं.) काठमाडौं : रत्न पुस्तक भण्डार ।

श्रेष्ठ, सुन्दर (२०६१) **हरिदेवी कोइरालाले गाएका गीतहरूको अध्ययन**, त्रिभुवन विश्वविद्यालय स्नातकोत्तर तहको शोधपत्र अप्रकाशित ।

सुवेदी, सन्तोष (२०७४), **अनुभव, अनुभूति,** नागरिक राष्ट्रिय दैनिक (साउन १२ गते, बिहीबार) ।

अध्ययनमा परेका राजन कार्कीका सम्पूर्ण गीत ।

अध्ययनका लागि समय-समयमा टेलिफोनवार्ता, भेटवार्ता

www.youtube.com